(संवत् २०८० साल चैत मसान्तसम्म भएका संशोधन मिलाइएको)

# नेपाल राष्ट्र बैङ्क ऐन, २०५८

लालमोहर र प्रकाशन मिति
२०५८।१०।१७

| संशोधन गर्ने ऐन | प्रमाणीकरण र प्रकाशन मिति |
|---|---|
| १. नेपाल राष्ट्र बैङ्क (पहिलो संशोधन) ऐन, २०६३✱ | २०६३।७।२३ |
| २. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६⬅ | २०६६।१०।७ |
| ३. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| ४. नेपाल राष्ट्र बैङ्क (दोस्रो संशोधन) ऐन, २०७३ | २०७३।७।२९ |
| ५. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४▬ | २०७४।६।३० |
| ६. भुक्तानी तथा फस्र्यौट ऐन, २०७५ | २०७५।१२।४ |
| ७. मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७६।१।२ |
| ८. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० | २०८०।१२।३० |

२०५८ सालको ऐन नं. १५

[2]................

## केन्द्रीय बैङ्कको कार्य गर्न नेपाल राष्ट्र बैङ्कको स्थापना गर्न बनेको ऐन

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

✱ यो ऐन २०६३ साल भाद्र २४ गते देखि प्रारम्भ भएको मानिने गरी दफा १ को उपदफा (२) मा व्यवस्था भएको ।

⬅ यो ऐन संवत् २०६५ साल जेठ १५ गतेदेखि लागू भएको ।

▬ यो ऐन संवत् २०७५ साल भाद्र १ गतेदेखि लागू भएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(संवत् २०८० साल चैत मसान्तसम्म भएका संशोधन मिलाइएको)

प्रस्तावना: नेपाल 2......... को अर्थतन्त्रको ✤दिगो विकासमा सहयोग पुग्ने गरी मूल्य र शोधनान्तर स्थिरता तथा समग्र वित्तीय क्षेत्रको स्थायित्व कायम गर्नको लागि केन्द्रीय बैङ्कको रुपमा नेपाल राष्ट्र बैङ्कको स्थापना गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवको शासनकालको पहिलो वर्षमा संसदले यो ऐन बनाएकोछ ।

परिच्छेद – १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "नेपाल राष्ट्र बैङ्क ऐन, २०५८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "बैङ्क" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल राष्ट्र बैङ्क सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले दफा १४ बमोजिम गठन भएको बैङ्कको सञ्चालक समिति सम्झनु पर्छ ।

(ग) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले गभर्नर र डेपुटी गभर्नर समेतलाई जनाउँछ ।

(घ) "गभर्नर" भन्नाले दफा १५ बमोजिम नियुक्त बैङ्कको गभर्नर सम्झनु पर्छ ।

(ङ) "डेपुटी गभर्नर" भन्नाले दफा १६ बमोजिम नियुक्त बैङ्कको डेपुटी गभर्नर सम्झनु पर्छ ।

(च) "वाणिज्य बैङ्क" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको वाणिज्य बैङ्क सम्झनु पर्छ ।

---

✤ दोस्रो संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(छ) "वित्तीय संस्था" भन्नाले कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनका लागि कर्जा दिने वा सर्वसाधारण जनताबाट निक्षेप सङ्कलन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना भएको वित्तीय संस्था सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वित्तीय संस्था भनी तोकिदिएको संस्था समेतलाई जनाउँछ ।

(ज) "मुद्रा" भन्नाले सबै किसिमको करेन्सी नोट, पोस्टल अर्डर, पोस्टल नोट, मनि अर्डर, चेक, ड्राफ्ट, ट्राभलर्स चेक, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र, क्रेडिट कार्ड सम्झनु पर्छ र सो शब्दले बैङ्कले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य यस्तै प्रकारका मौद्रिक उपकरण समेतलाई जनाउँछ ।

(झ) "करेन्सी नोट" भन्नाले नगदको रुपमा चलन चल्तीमा रहेको बैङ्क नोट सम्झनु पर्छ र सो शब्दले सिक्का समेतलाई जनाउँछ ।

(ञ) "विदेशी मुद्रा" भन्नाले नेपाली मुद्रा बाहेक अन्य मुद्रा सम्झनु पर्छ र सो शब्दले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट रकम झिक्ने विशेष अधिकार (स्पेशल ड्रइङ्ग राइट्स), एशियन करेन्सी युनिट, युरोपियन करेन्सी युनिट तथा बैङ्कले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य उपकरण समेतलाई जनाउँछ ।

(ट) "नेपाली मुद्रा" भन्नाले नेपाली रुपैयाँमा अङ्कित मुद्रा सम्झनु पर्छ ।

(ठ) "परिवर्त्य विदेशी मुद्रा" भन्नाले बैङ्कले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी परिवर्त्य विदेशी मुद्रा भनी तोकिदिएको विदेशी मुद्रा सम्झनु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ड) "विदेशी विनिमय" भन्नाले विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात, विदेशी धितोपत्र र विदेशी मुद्रामा भुक्तानी हुने वा हुन सक्ने अन्तर्राष्ट्रिय प्रचलनमा रहेका चेक, ड्राफ्ट, ट्राभलर्स चेक, इलेक्ट्रोनिक फण्ड ट्रान्सफर, क्रेडिटकार्ड, प्रतीतपत्र, विनिमयपत्र, प्रतिज्ञापत्र सम्झनु पर्छ र सो शब्दले बैङ्कले आवश्यकता अनुसार सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य जुनसुकै मौद्रिक उपकरण समेतलाई जनाउँछ ।

(ढ) "विदेशी विनिमय कारोबार" भन्नाले विदेशी विनिमय खरिद बिक्री गर्ने, ऋण लिने, दिने वा अन्य कुनै तरिकाले विदेशी विनिमय लिने, दिने कार्य सम्झनु पर्छ र सो शब्दले बैङ्कले विदेशी विनिमय सटही स्वीकृति दिने कार्य समेतलाई जनाउँछ ।

(ण) "इजाजतपत्र प्राप्त व्यक्ति" भन्नाले बैङ्कबाट विदेशी विनिमय कारोबार गर्न इजाजतपत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(त) "प्रतीतपत्र" भन्नाले कुनै एक बैङ्कले कुनै अर्को बैङ्कको नाममा फलानाको यति रुपैयाँले खामेसम्मको चेक ड्राफ्ट, हुण्डी वा विनिमयपत्र स्वीकार गर्नु भनी लेखेको पत्र सम्झनु पर्छ ।

(थ) "धितोपत्र" भन्नाले कुनै सङ्गठित संस्थाले जारी गरेको शेयर, स्टक बण्ड, डिबेन्चर, डिबेन्चर स्टक वा प्रचलित कानून बमोजिम कुनै सङ्गठित संस्थाले जारी गरेको एकाङ्क बचत कार्यक्रम वा समूहगत बचत कार्यक्रम सम्बन्धी प्रमाणपत्र वा हस्तान्तरणयोग्य निक्षेप प्रमाणपत्र सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

तोकिदिएको धितोपत्र वा धितोपत्रको धरौटी सम्बन्धी भरपाई, धितोपत्र सम्बन्धी हक र अधिकार समेतलाई जनाउँछ ।

(द) "विनिमेय" भन्नाले विनिमेय अधिकारपत्र पाउने कुनै व्यक्तिलाई धारक बन्न सक्ने गरी सो पत्र हस्तान्तरण गर्ने काम सम्झनु पर्छ ।

(ध) "विनिमेय अधिकारपत्र" भन्नाले प्रतिज्ञापत्र, विनिमयपत्र वा चेक सम्झनु पर्छ ।

(न) "विनिमयपत्र" भन्नाले फलाना मितिमा वा यति अवधिपछि वा मागेको बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएको व्यक्तिलाई वा सो पत्र लिई आउने व्यक्तिलाई बिना शर्त यति रकम दिनु भनी कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई निर्देशन गरी दस्तखत गरिदिएको लिखत सम्झनु पर्छ ।

(प) "प्रतिज्ञापत्र" भन्नाले फलाना मितिमा वा मागेको बखत सो पत्रमा लेखिएको कुनै खास व्यक्तिलाई वा निजले अह्राएको व्यक्तिलाई वा सो पत्र लिई आउने व्यक्तिलाई बिना शर्त यति रकम दिन्छु भनी कबुल गरी दस्तखत गरी दिएको लिखत सम्झनु पर्छ ।

(फ) "चेक" भन्नाले माग्नासाथ भुक्तानी दिनु भनी कुनै बैङ्क उपर खिचिएको विनिमयपत्र सम्झनु पर्छ ।

(ब) "कर्जा" भन्नाले रकम लगानी गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रतिबद्धता र त्यसको बदलामा उक्त लगानी गरेको रकम असूली गर्ने अधिकार तथा त्यस्ता कर्जाको ब्याज वा अन्य दस्तुरको चुक्ता, कर्जा वा लगानीको धितोमा दिइएको पुनर्कर्जा, कर्जाको पुनसंरचना र नवीकरण, कर्जा चुक्ताको लागि जारी गरेको जमानी तथा त्यस्तो चुक्ताको लागि

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

गरिएको अन्य बचनबद्धता सम्झनु पर्छ र सो शब्दले कुनै पनि किसिमको ऋण समेतलाई जनाउँछ ।

(भ) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख खाता तथा किताब सम्झनु पर्छ र सो शब्दले त्यस्तो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात समेतलाई जनाउँछ ।

(म) "ऋण सुरक्षण" भन्नाले ऋणभारयुक्त कुनै पनि विनिमयपत्र सम्झनु पर्छ र सो शब्दले बुक इन्ट्री वा प्रमाणित रुपमा रहेको सोही सरहको अन्य कुनै ऋणभारयुक्त उपकरण समेतलाई जनाउँछ ।

(य) "मौद्रिक दायित्व" भन्नाले बैङ्कको वासलातमा भएको चलन चल्तीमा रहेको बैङ्क नोट तथा सिक्का सम्झनु पर्छ ।

(र) "अन्तर्राष्ट्रिय लेखा मापदण्ड" भन्नाले अन्तर्राष्ट्रियस्तरको लेखा मापदण्ड सम्झनु पर्छ ।

(ल) "कर्मचारी" भन्नाले बैङ्कको कुनै पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

❒(ल१) "अदालत" भन्नाले नेपाल सरकारले सर्वोच्च अदालतको परामर्श लिई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको उच्च अदालतको वाणिज्य इजलाश सम्झनु पर्छ ।

❒(ल२) "विशेष प्रशासन समूह" भन्नाले दफा ८८ख. बमोजिम गठन भएको विशेष प्रशासन समूह सम्झनु पर्छ ।

(व) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

---

❒ दोस्रो संशोधनद्वारा थप ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

परिच्छेद–२

स्थापना, उद्देश्य तथा काम, कर्तव्य र अधिकार

३. बैङ्कको स्थापनाः (१) केन्द्रीय बैङ्कको कार्य गर्न नेपाल राष्ट्र बैङ्क नामको एउटा केन्द्रीय बैङ्क स्थापना हुनेछ ।

(२) नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ अन्तर्गत स्थापना भएको नेपाल राष्ट्र बैङ्क यसै ऐन अन्तर्गत स्थापना भएको मानिनेछ ।

(३) बैङ्क अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(४) बैङ्कको काम कारबाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(५) बैङ्कले यस ऐनको अधीनमा रही चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, राख्न, बेच बिखन गर्न र यस्तै अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(६) बैङ्कले आफ्नो नामबाट नालिस उजुर गर्न र बैङ्क उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

(७) बैङ्कको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ र बैङ्कले आवश्यकता अनुसार नेपाल [2]............... भित्र वा बाहिर जुनसुकै ठाउँमा शाखा, उपशाखा तथा अन्य कार्यालयहरु खोल्न र एजेण्ट वा प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

४. बैङ्कको उद्देश्यः (१) बैङ्कको उद्देश्य देहाय बमोजिम हुनेछः–

(क) ❑आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

❑ दोस्रो संशोधनद्वारा थप ।

✻(ख) वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ्ग तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने,

(ग) सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने,

(घ) ✂................

(ङ) ✂................

(२) उपदफा (१) बमोजिमको उद्देश्यमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी बैङ्कले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ ।

५. <u>बैङ्कको काम, कर्तव्य र अधिकारः</u> (१) दफा ४ बमोजिमको उद्देश्य हासिल गर्नको निमित्त बैङ्कको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) बैङ्क नोट तथा सिक्का निष्कासन गर्ने,

(ख) मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,

(ग) विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने,

(घ) विनिमय दर पद्धति निर्धारण गर्ने,

(ङ) विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने,

(च) वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई बैंकिङ्ग तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो

---

✻ दोस्रो संशोधनद्वारा संशोधित ।

✂ दोस्रो संशोधनद्वारा झिकिएको ।

कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

✉(च१) बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धमा निर्देशन तथा मापदण्ड जारी गर्ने,

✉(च२) पचास करोड रुपैयाँभन्दा बढी शेयर पुँजी भएको वा सो रकम बराबरको वार्षिक कारोबार गर्ने सहकारी संस्थाको वित्तीय सुशासन तथा जोखिमको आधारमा सहकारी विभागको अनुरोधमा सहकारी सम्बन्धी प्रचलित कानूनको समेत अधिकार प्रयोग गरी नियमन, निरीक्षण तथा सुपरिवेक्षण गर्ने,

(छ) नेपाल सरकारको बैङ्कर, सल्लाहकार तथा वित्तीय एजेन्टको रुपमा कार्य गर्ने,

(ज) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको बैङ्क तथा अन्तिम ऋणदाताको रुपमा कार्य गर्ने,

(झ) भुक्तानी, फर्स्यौट (क्लियरिङ्ग) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने, र

❑(झ१) तरलता व्यवस्थापनको निमित्त आवश्यक उपकरणको माध्यमद्वारा खुला बजार कारोबार सञ्चालन गर्ने,

(ञ) यस ऐन बमोजिम बैङ्कको उद्देश्य हासिल गर्नको निमित्त बैङ्कले गर्नुपर्ने अन्य आवश्यक कार्यहरु कार्यान्वयन गर्ने, गराउने ।

---

✉ सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप।

❑ दोस्रो संशोधनद्वारा थप ।

(२) बैङ्कलाई यस ऐन वा अन्य प्रचलित कानूनद्वारा प्रदान गरिएको अधिकारको प्रयोग गर्दा आवश्यकपर्ने अन्य काम, कारबाही समेत गर्ने अधिकार हुनेछ ।

(३) बैङ्कले यस ऐन अन्तर्गत प्राप्त गरेको अधिकारको अतिक्रमण कसैबाट हुने छैन ।

६. <u>बैङ्कको अग्राधिकार:</u> (१) बैङ्कले ऋणीलाई प्रदान गरेको कर्जा वा अन्य कुनै पनि किसिमको बैङ्कको दाबी ऋणीबाट कर्जा असूल उपर गर्ने प्रयोजनको लागि त्यस्तो ऋणीको बैङ्कमा रहेको खाता वा अन्य कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खातामा जम्मा रहेको नगद वा त्यस्तो ऋणीको नाममा रहेको अन्य कुनै पनि किसिमको चल अचल सम्पत्ति उपर दाबी सुरक्षित गर्ने बैङ्कको अग्राधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम बैङ्कको अग्राधिकार रहने नगद वा चल अचल सम्पत्तिलाई बैङ्कले आफ्नो कब्जामा लिई तोकिए बमोजिम बिक्री गरी सोबाट आएको रकमबाट आफ्नो कर्जा असूल उपर गर्नेछ ।

७. <u>बैङ्कले गर्न नहुने काम:</u> (१) यस ऐनमा व्यवस्था गरिएकोमा बाहेक बैङ्कले देहायका काम गर्ने छैन:–

(क) कुनै कर्जा प्रदान गर्ने, कुनै पनि किसिमको निक्षेप राख्ने वा कुनै किसिमको आर्थिक उपहार दिने,

(ख) कुनै वाणिज्य बैङ्क, वित्तीय संस्था, सार्वजनिक संस्थान वा कम्पनीको शेयर खरिद गर्ने वा अन्य कुनै पनि किसिमले कुनै वित्तीय, व्यापारिक, कृषि, औद्योगिक वा अन्य संस्थामा स्वामित्व सम्बन्धी अधिकार प्राप्त गर्ने,

(ग) कुनै किसिमको व्यापार गर्ने, वा

(घ) खरिद गरेर, भाडामा लिएर वा कुनै तरिकाबाट चल अचल सम्पत्ति माथि अधिकार प्राप्त गर्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

तर आफ्नो कारोबार र व्यवस्था सञ्चालन गर्न वा आफ्नो उद्देश्य पूरा गर्न आवश्यकपर्ने सम्पत्ति भने बैङ्कले प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले देहायका काम गर्न सक्नेछः–

(क) बैङ्कको आफ्नो काम कारबाही वा दायित्व पूरा गर्न सहयोग हुने काम कारबाही गर्ने संस्थालाई सो संस्थाको कुल पूँजीको दश प्रतिशत ननाघ्ने गरी ऋण प्रदान गर्ने वा त्यस्ता संस्थाको शेयरमा स्वामित्व प्राप्त गर्ने ।

<u>स्पष्टीकरणः</u> यस खण्डको प्रयोजनको लागि "बैङ्कको काम कारबाही वा दायित्व पूरा गर्न सहयोग हुने काम कारबाही गर्ने संस्था" भन्नाले विशुद्ध रुपमा वाणिज्य बैङ्क वा वित्तीय संस्थाको धितो मूल्याङ्कन, सञ्चालन र संरक्षण गर्ने, धितो पुनसंरचना गर्ने र हस्तान्तरण गर्ने, साख मूल्याङ्कन गर्ने, साख सूचना आदान प्रदान गर्ने, तथ्याङ्क प्रशोधन गर्ने र संप्रेषण गर्ने, वित्तीय उपकरण मुद्रण गर्ने भुक्तानीको क्लियरिङ्ग गर्ने, सम्पत्तिलाई तरल बनाउने, बैङ्क नोट वा सिक्का उत्पादन गर्ने, ट्रष्टिको रुपमा काम गर्ने जस्ता बैङ्कले तोकेको अन्य कुनै पनि संस्था वा कम्पनी सम्झनु पर्छ ।

(ख) बैङ्कले आफ्ना कर्मचारीलाई कर्जा प्रदान गर्ने ।

८. <u>बैङ्कलाई छुट र सुविधाः</u> प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कलाई देहायको छुट र सुविधा प्राप्त हुनेछः–

(क) बैङ्कको आम्दानी, पूँजी कारोबार, घर जग्गा, जायजेथा तथा सम्पत्तिमा सबै किसिमको कर, शुल्क तथा महसुल आदिमा छुट ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) बैङ्कले दिने कर्जा वा पुनर्कर्जाको लिखत रजिष्ट्रेशन गर्न परेमा रजिष्ट्रेशन दस्तुर नलाग्ने ।

(ग) बैङ्कसँग सम्बन्धित कुनै पनि लिखतमा आय टिकट टाँस्नु नपर्ने ।

(घ) बैङ्कको नोट, सिक्का, सुन, चाँदी तथा टकमरी गर्नको निमित्त प्रयोग हुने कागज, धातु रसायन तथा अन्य वस्तुहरुको निकासी र पैठारीमा कुनै किसिमको कर, शुल्क, दस्तुर महसुल नलाग्ने ।

९. नेपाल सरकार र बैङ्कको सम्बन्धः यस ऐन बमोजिम नेपाल सरकारले बैङ्कसँग र बैङ्कले नेपाल सरकारसँग सम्बन्ध राख्दा अर्थ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१०. सार्वजनिक निकायसँग समन्वयः (१) आफ्नो उद्देश्य प्राप्तिको लागि बैङ्कले सार्वजनिक निकाय वा तिनका एजेन्सी वा निकायसँग आवश्यक समन्वय गर्नेछ ।

(२) नेपाल सरकारले अनुरोध गरेको खण्डमा बैङ्कले शोधनान्तर र बैकिङ्ग तथा वित्तीय विषयमा आवश्यक सूचना उपलब्ध गराउनु पर्नेछ ।

(३) बैङ्कले अनुरोध गरेको खण्डमा नेपाल सरकार, सार्वजनिक निकाय तथा निजी क्षेत्रले बैङ्कलाई आर्थिक तथा वित्तीय विषयमा आवश्यक सूचना उपलब्ध गराउनु पर्नेछ ।

११. अन्तर्राष्ट्रिय सहयोग तथा सम्बन्धः (१) बैङ्कले आफ्नो अधिकार क्षेत्रभित्र रहेका मौद्रिक नीति, विदेशी विनिमय नीति, शोधनान्तर, बैङ्क सुपरिवेक्षण तथा अन्य सम्बन्धित विषयहरुका सम्बन्धमा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरुमा नेपाल [2].......... को प्रतिनिधित्व गर्नेछ ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून व्यवसाय संसदीय मामिला मन्त्रालय

(२) बैङ्कले विदेशी सरकार, विदेशी केन्द्रीय बैङ्क, विदेशी बैङ्क तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाहरुलाई बैंकिङ्ग तथा भुक्तानी सेवा उपलब्ध गराउने र आफूले पनि तिनीहरुबाट त्यस्तै सुबिधा प्राप्त गर्न सक्नेछ ।

(३) अन्तर्राष्ट्रिय मौद्रिक सहयोगको माध्यमबाट वित्तीय तथा आर्थिक स्थायित्व प्राप्त गर्न कार्यरत अन्तर्राष्ट्रिय सङ्घ, संस्थामा बैङ्कले भाग लिनेछ ।

(४) बैङ्कले नेपाल [2]........ को प्रतिनिधिको हैसियतले अन्तर्राष्ट्रिय सङ्घ, संस्थामा भाग लिँदा आफ्नो मुलुकको तर्फबाट बहन गर्नुपर्ने उत्तरदायित्व र सम्पन्न गर्नुपर्ने कार्यको जिम्मेवारी लिनेछ ।

१२. <u>सार्वजनिक सूचनाको प्रवाहः</u> बैङ्कले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर तथा विदेशी विनिमय जस्ता विषयमा आफूले गरेको तथ्याङ्कगत विश्लेषणको जानकारी नियमित रुपले सार्वजनिक रुपमा प्रकाशन र प्रसारण गर्नेछ ।

१३. <u>खाता सञ्चालनः</u> बैङ्कले नेपाल सरकार र अन्य सरकारी निकाय, वाणिज्य बैङ्क तथा वित्तीय संस्था, सार्वजनिक संस्थान, विदेशी नियोग, विदेशी केन्द्रीय बैङ्क, विदेशी बैङ्क तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको लागि खाता खोली सञ्चालन गर्न सक्नेछ । यस्तो खाता खोल्ने र सञ्चालन गर्ने प्रक्रिया बैङ्कले तोके बमोजिम हुनेछ ।

तर बैङ्कले कुनै व्यक्ति, उद्योग वा राजनैतिक संस्थाको लागि खाता सञ्चालन गर्ने छैन ।

## परिच्छेद–३
## <u>समितिको गठन तथा काम, कर्तव्य र अधिकार</u>

१४. <u>सञ्चालक समितिको गठनः</u> बैङ्कमा देहायका सदस्य भएको एउटा सञ्चालक समिति हुनेछः–

(क) गभर्नर –अध्यक्ष

(ख) सचिव, अर्थ मन्त्रालय –सदस्य

(ग) दुई जना डेपुटी गभर्नर –सदस्य

(घ) आर्थिक, मौद्रिक, बैंकिङ्ग, वित्तीय, तथा वाणिज्य कानूनको क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरुमध्येबाट नेपाल सरकारले नियुक्त गरेका तीनजना सञ्चालक –सदस्य

१५. <u>गभर्नरको नियुक्तिः</u> (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले उपदफा (२) बमोजिम गठन भएको सिफारिस समितिको सिफारिसको आधारमा गभर्नरको नियुक्ति गर्नेछ ।

(२) नेपाल सरकार, मन्त्रिपरिषद्ले गभर्नरको नियुक्ति गर्न देहाय बमोजिम सिफारिस समितिको गठन गर्नेछः–

(क) अर्थ मन्त्री –अध्यक्ष

(ख) पूर्व गभर्नरहरुमध्येबाट एक जना –सदस्य

(ग) आर्थिक, मौद्रिक, बैंकिङ्ग, वित्तीय तथा वाणिज्य कानूनको क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरुमध्येबाट नेपाल सरकारले तोकेको एक जना व्यक्ति –सदस्य

(३) उपदफा (२) बमोजिम गठन भएको समितिले गभर्नरको नियुक्तिको लागि सिफारिस गर्दा आर्थिक, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन तथा वाणिज्य कानून क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरु तथा डेपुटी गभर्नरहरुमध्येबाट तीन जनाको नामावली नेपाल सरकार, मन्त्रिपरिषद्मा सिफारिस गर्नेछ ।

(४) नेपाल सरकार, मन्त्रिपरिषद्ले उपदफा (३) बमोजिम सिफारिस भएका नाममध्येबाट एक जनालाई गभर्नर पदमा नियुक्त गर्नेछ ।

१६. <u>डेपुटी गभर्नरको नियुक्तिः</u> (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले गभर्नरको सिफारिसमा डेपुटी गभर्नरको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गभर्नरले डेपुटी गभर्नर पदमा नियुक्तिको लागि सिफारिस गर्दा बैङ्कका विशिष्ट श्रेणीका अधिकृतहरुमध्येबाट कार्यक्षमताको आधारमा रिक्त पदको दोब्बर सङ्ख्यामा नामावली सिफारिस गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम डेपुटी गभर्नर पदमा नियुक्त भएको व्यक्ति बैङ्कको सेवाबाट स्वतः निवृत्त भएको मानिनेछ ।

१७. सञ्चालकको नियुक्तिः (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले सञ्चालकको नियुक्ति गर्नेछ ।

(२) नेपाल सरकार, मन्त्रिपरिषद्ले उपदफा (१) बमोजिम सञ्चालकको नियुक्ति गर्दा आर्थिक, मौद्रिक, बैंकिङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन तथा वाणिज्य कानून क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरुमध्ये अलग अलग क्षेत्रको प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ ।

१८. सञ्चालकको कार्यकालः (१) गभर्नर, डेपुटी गभर्नर र सञ्चालकको कार्यकाल पाँच वर्षको हुनेछ ।

(२) नेपाल सरकारले मनासिब देखेमा कार्यकाल समाप्त भएको गभर्नरलाई पुनः एक पटकको कार्यकालको निमित्त र सञ्चालकलाई जतिसुकै पटकको कार्यकालको निमित्त पनि पुनः नियुक्ति गर्न सक्नेछ ।

१९. सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधाः गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकको पारिश्रमिक तथा अन्य सुविधा समितिले तोके बमोजिम हुनेछ ।

२०. सञ्चालकको योग्यताः गभर्नर, डेपुटी गभर्नर र सञ्चालक पदमा नियुक्ति हुनको लागि देहाय बमोजिम योग्यता पुगेको व्यक्ति हुनु पर्नेछः–

(क) नेपालको नागरिक भएको,

(ख) उच्च नैतिक चरित्र भएको,

(ग) आर्थिक, मौद्रिक, बैकिङ्ग, वित्तीय, वाणिज्य, व्यवस्थापन, जनप्रशासन, तथ्याङ्कशास्त्र, गणित *वा कानून विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी आर्थिक, मौद्रिक, बैकिङ्ग, वित्तीय *वा वाणिज्य कानूनको क्षेत्रमा कार्य अनुभव हासिल गरेको,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "कार्य अनुभव" भन्नाले नेपाल सरकार वा बैङ्कको विशिष्ट श्रेणीको पद वा विश्वविद्यालयको प्राध्यापक वा "क" श्रेणीको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कार्यकारी प्रमुख वा अन्तर्राष्ट्रिय सङ्घ, संस्थाको कार्यकारी तहको पद वा सो सरहको पद वा मर्यादाक्रमको हिसाबले सो पदभन्दा उच्च पदमा कार्य गरेको कार्य अनुभव सम्झनु पर्छ ।

(घ) दफा २१ बमोजिम अयोग्य नभएको ।

२१. सञ्चालकको अयोग्यताः देहायका कुनै पनि व्यक्ति गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालक पदमा नियुक्त हुन योग्य हुने छैनः–

(क) राजनैतिक दलको सदस्य वा पदाधिकारी, वा

(ख) वाणिज्य बैङ्क वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालो सूचीमा परेको व्यक्ति, वा

(ग) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको बहालवाला पदाधिकारी, वा

(घ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थामा पाँच प्रतिशत वा सो भन्दा बढी शेयर वा मतदानको अधिकार भएको व्यक्ति, वा

(ङ) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको व्यक्ति, वा

(च) बहुलाएको व्यक्ति, वा

---

* पहिलो संशोधनद्वारा संशोधित ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(छ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको व्यक्ति ।

२२. <u>सञ्चालक पदमुक्त हुने अवस्थाः</u> (१) नेपाल सरकार, मन्त्रिपरिषद्ले उपदफा (५) बमोजिम पदमुक्त हुने अवस्थामा पुगेका गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकलाई पदमुक्त गर्नेछ ।

तर नेपाल सरकारले यसरी पदमुक्त गर्नुभन्दा अघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने उचित अवसरबाट बञ्चित गर्ने छैन ।

(२) नेपाल सरकारले उपदफा (१) बमोजिम गभर्नरलाई पदमुक्त गर्दा दफा २३ बमोजिम गठन भएको जाँचबुझ समितिको सिफारिसमा गर्नेछ ।

(३) नेपाल सरकारले उपदफा (१) बमोजिम सञ्चालक वा डेपुटी गभर्नरलाई पदमुक्त गर्दा समितिबाट छानबिन गराई समितिले पेश गरेको सिफारिसको आधारमा गर्नेछ ।

(४) नेपाल सरकारले उपदफा (१) बमोजिम गभर्नर, डेपुटी गभर्नर र सञ्चालकलाई पदमुक्त गर्ने प्रक्रिया सुरु गर्नासाथ निजहरु आफ्नो पदबाट स्वतः निलम्बन भएको मानिनेछन् ।

(५) गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालक देहायको कुनै अवस्थामा पद मुक्त हुने छन्:–

(क) दफा २१ बमोजिम सञ्चालक हुन अयोग्य भएमा, वा

(ख) यस ऐन बमोजिम बैङ्कको उद्देश्य हासिल गर्नको निमित्त बैङ्कले गर्नुपर्ने कार्यहरु कार्यान्वयन गर्न, गराउन कार्य क्षमताको अभाव भएमा, वा

(ग) मुलुकको बैकिङ्ग तथा वित्तीय व्यवस्थामा हानि नोक्सानी पुग्ने कार्य गरेको देखिएमा, वा

(घ) बैङ्कको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको देखिएमा, वा

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) खराब आचरणको कारणबाट कुनै पेशा वा व्यवसाय गर्नबाट अयोग्य ठहऱ्याई प्रमाणपत्र खोसिएको वा व्यवसाय गर्न रोक लगाइएकोमा, वा

(च) मनासिब माफिकको कारण बिना लगातार तीनपटक भन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा ।

(६) उपदफा (५) मा उल्लेख भए बमोजिमको अवस्था बाहेक अन्य कारणबाट गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकलाई हटाउन सकिने छैन ।

२३. <u>जाँचबुझ समितिको गठन तथा काम, कर्तव्यः</u> (१) नेपाल सरकारले दफा २२ को उपदफा (२) बमोजिम गभर्नरलाई पदमुक्त गर्नु अघि देहाय बमोजिमको जाँचबुझ समिति गठन गरी सो समितिको सिफारिसमा गर्भनरलाई पदमुक्त गर्नेछः–

(क) सर्वोच्च अदालतबाट अवकाश प्राप्त न्यायाधीशमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति –अध्यक्ष

(ख) आर्थिक, मौद्रिक, बैकिङ्ग, वित्तीय, वाणिज्य तथा व्यवस्थापन क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरुमध्येबाट नेपाल सरकारले तोकेको दुईजना व्यक्ति –सदस्य

(२) जाँचबुझ समितिले जाँचबुझ गरी आफ्नो राय ठहर सहितको सिफारिस नेपाल सरकार समक्ष पेश गर्नुभन्दा अघि सम्बन्धित व्यक्तिसँग बयान लिन वा सोधपुछ गर्न सक्नेछ ।

(३) जाँचबुझ समितिले जाँचबुझको सिलसिलामा अपनाउनुपर्ने कार्यविधि आफैले निर्धारण गर्न सक्नेछ ।

(४) जाँचबुझ समितिले राय ठहर सहितको आफ्नो सिफारिस एक महिनाभित्र नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२४. सञ्चालकको राजीनामाः गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकले नेपाल सरकार समक्ष लिखित राजीनामा दिई आफ्नो पदबाट हट्न सक्नेछ ।

२५. गभर्नर नियुक्तिको सार्वजनिक सूचनाः नेपाल सरकारले बहालवाला गभर्नरको पद रिक्त हुनुभन्दा सामान्यतया एक महिना अगावै गभर्नरको पदमा यस ऐन बमोजिम नियुक्त गरी सोको सूचना सार्वजनिक रुपमा प्रकाशन तथा प्रसारण गर्नेछ ।

२६. रिक्त पदको पुर्तिः नेपाल सरकारले कुनै गभर्नर, डेपुटी गभर्नर तथा सञ्चालकको पद कार्यकाल पूरा नहुँदै रिक्त हुन आएमा यस ऐन बमोजिमको प्रक्रिया पूरा गरी सो पदमा बाँकी अवधिको लागि उपयुक्त व्यक्तिलाई नियुक्त गर्नेछ ।

२७. कायम मुकायमः मृत्यु भई, राजीनामा दिई, बिरामी परी, बिदामा बसी वा अन्य कुनै कारण परी गभर्नरले बैङ्कको काम गर्न नसक्ने भएमा नेपाल सरकारले बैङ्कको वरिष्ठ डेपुटी गभर्नरलाई गभर्नरको कामकाज गर्ने गरी कायम मुकायम मुकरर गर्नेछ ।

२८. समितिको बैठकः (१) समितिको बैठकको अध्यक्षता गभर्नरले गर्नेछ ।

(२) समितिको बैठक बैङ्कको आवश्यकता अनुसार बस्न सक्नेछ ।

तर महिनाको कम्तीमा एकपटक समितिको बैठक बस्नु पर्नेछ ।

(३) समितिको बैठक गभर्नरले बोलाउनेछ ।

तर समितिका तीनजना सञ्चालकले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा गभर्नरले समितिको बैठक बोलाउनु पर्नेछ ।

(४) समितिले समितिको बैठक बोलाउने, सञ्चालन गर्ने, मतदान गर्ने, माइन्युट राख्ने तथा अन्य कार्यविधिका सम्बन्धमा एउटा छुट्टै विनियम बनाउन सक्नेछ ।

(५) समितिको बैठकको अध्यक्षता गर्ने व्यक्ति र कम्तीमा तीनजना सञ्चालकको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

तर तीनजना सञ्चालकमध्ये एकजना दफा १४ को खण्ड (घ) बमोजिमको सञ्चालक हुनु अनिवार्य हुनेछ ।

(६) बहुमतको निर्णय समितिको निर्णय मानिनेछ । कुनै प्रस्तावको पक्ष र विपक्षमा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

२९. <u>समितिको काम, कर्तव्य तथा अधिकारः</u> समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः–

(क) मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गर्ने ।

(ख) बैङ्क नोट तथा सिक्काको दर, चित्र, आकार, धातु, नोट छपाई गर्ने वस्तु वा अन्य पदार्थ सम्बन्धमा आवश्यक निर्णय गर्ने र सो को निष्कासनका सम्बन्धमा आवश्यक नीतिको तर्जुमा गर्ने ।

(ग) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको निरीक्षण तथा सुपरिवेक्षण गराउने व्यवस्था र बैकिङ्ग तथा वित्तीय व्यवस्थाका सम्बन्धमा आवश्यक नीति निर्माण गर्ने ।

(घ) बैङ्कको नियम तथा विनियम स्वीकृत गर्ने र बैङ्कको सञ्चालन र व्यवस्थापनमा लागू हुने नीति निर्माण गर्ने ।

(ङ) बैङ्कका कर्मचारीहरुको नियुक्ति, बढुवा, सरुवा, बर्खास्ती, पारिश्रमिक, निवृत्तभरण, उपदान, सञ्चय कोष, विदा, आचरण तथा सेवा सम्बन्धी अन्य शर्तहरु बारे नीति निर्धारण गर्ने ।

(च) बैङ्कको लागि वार्षिक कार्यक्रम र बजेट तथा वार्षिक लेखापरीक्षणको हिसाब स्वीकृत गर्ने र सोको प्रतिवेदन जानकारीको लागी नेपाल सरकारमा पेश गर्ने ।

(छ) बैङ्कको काम कारबाही बारेको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ज) वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई इजाजतपत्र दिने र रद्द गर्ने सम्बन्धमा नीति निर्माण गर्ने ।

(झ) बैङ्कले नेपाल सरकारलाई प्रदान गर्ने कर्जाको सीमा स्वीकृत गर्ने ।

(ञ) बैङ्कले वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई दिने कर्जा तथा पुनर्कर्जाको रकम, सीमा तथा शर्तको निर्धारण गर्ने ।

(ट) अन्तर्राष्ट्रिय सङ्घ, संस्थामा बैङ्कको सदस्यता सम्बन्धमा निर्णय गर्ने ।

(ठ) बैङ्कको वित्तीय स्रोत परिचालन र लगानी नीति निर्माण गर्ने ।

(ड) यस ऐनमा संशोधन गर्नुपर्ने आवश्यकता देखिएमा सो को कारण खुलाई नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्ने ।

(ढ) यस ऐन अन्तर्गत गभर्नरको अधिकार क्षेत्रभित्रपर्ने बाहेकका अरु सबै विषयमा निर्णय गर्ने ।

(ण) समितिमा रहेका अधिकारहरु अवधि तोकी वा नतोकी गभर्नर वा समितिद्वारा गठित उपसमितिलाई प्रत्यायोजन गर्ने ।

३०. <u>गभर्नरको काम, कर्तव्य र अधिकारः</u> (१) गभर्नरको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्ने ।

(ख) बैङ्कको सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(ग) बैङ्कले गर्नुपर्ने कार्यहरु व्यवस्थित गर्ने ।

(घ) अन्तर्राष्ट्रिय सङ्घ, संस्थामा बैङ्कको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने ।

(ङ) मौद्रिक तथा विदेशी विनिमय सम्बन्धी नीति कार्यान्वयन गर्ने, गराउने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(च) वाणिज्य बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप तथा कर्जाको ब्याज दर सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने ।

(छ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले कर्जा वा निक्षेपमा लिने वा दिने ब्याज दर सम्बन्धमा आवश्यक नीति निर्धारण गर्ने ।

(ज) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले कायम गर्नुपर्ने तरलता सम्बन्धी नीति निर्माण गर्ने ।

(झ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरुले राख्नुपर्ने अनिवार्य मौज्दातको आधार, रकम, तरिका, शर्त, समयावधि तथा सोको प्रयोगका बारे आवश्यक व्यवस्था गर्ने ।

(ञ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको पूँजी कोषको पर्याप्तता सम्बन्धी शर्त निर्धारण गर्ने ।

(ट) सुन तथा अन्य बहुमूल्य धातुको खरिद बिक्री गर्दा अपनाउनुपर्ने प्रक्रिया र शर्तको सम्बन्धमा निर्णय गर्ने ।

(ठ) बैङ्कले प्रदान गर्ने सेवामा सेवा शुल्क निर्धारण गर्ने ।

(ड) आवश्यकता अनुरुप बैङ्कका शाखा कार्यालय तथा अन्य कार्यालय स्थापना र बन्द गर्ने निर्णय गर्ने ।

(ढ) बैङ्कको एजेन्सी स्थापना गर्ने र बन्द गर्ने ।

(ण) बैङ्कको सूचना प्रणालीको विकास र सञ्चालन सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

(त) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको सुपरिवेक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाउने ।

(थ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई प्रदान गरिएको इजाजतपत्र रद्द गर्ने सम्बन्धमा निर्णय गर्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(द) सञ्चालक समितिद्वारा प्रत्यायोजित अधिकारको अधीनमा रही अन्य विषयमा निर्णय गर्ने ।

(२) अन्तर्राष्ट्रिय मान्यता अनुरुप केन्द्रीय बैङ्कका गभर्नरले प्रयोग गर्नुपर्ने अधिकार गभर्नरमा अन्तर्निहित हुनेछ ।

३१. <u>अधिकार प्रत्यायोजन:</u> गभर्नरले बैङ्कको काम सुचारुरुपले सञ्चालन गर्न यस ऐन बमोजिम प्राप्त गरेको अख्तियारी डेपुटी गभर्नर वा बैङ्कका अन्य कर्मचारीहरुलाई सुम्पन सक्नेछ ।

३२. <u>निहित व्यक्तिगत स्वार्थको उपयोगमा बन्देज:</u> (१) गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकको पदमा नियुक्त भईसकेपछि प्रत्येक छ महिनामा गभर्नर, डेपुटी गभर्नर र सञ्चालकले आफ्नो वा आफ्नो परिवारका सदस्यको प्रत्यक्ष वा अप्रत्यक्ष कुनै व्यापारिक स्वार्थ छ भने सो विषयमा समितिलाई तोकिए बमोजिम जानकारी दिनु पर्नेछ ।

(२) गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकको निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर समितिमा छलफल हुने रहेछ भने सो छलफल सुरु हुनुभन्दा अगावै निजले सो बारेमा समितिलाई जानकारी दिनु पर्नेछ । सो छलफलमा त्यस्तो सञ्चालकले भाग लिन पाउने छैन ।

(३) ✂..................

(४) गभर्नर तथा डेपुटी गभर्नरले पदमा नियुक्त भएको र पदमुक्त भएको मितिले एक महिनाभित्र आफ्नो एकाघर परिवारको सम्पत्ति विवरण सार्वजनिक गर्नु पर्नेछ ।

३३. <u>व्यवस्थापन समिति:</u> (१) बैङ्कले गर्नुपर्ने कामहरु सुचारुरुपले सञ्चालन गर्न समितिको मातहतमा रहने गरी गभर्नरको अध्यक्षतामा एउटा व्यवस्थापन समितिको गठन हुनेछ । व्यवस्थापन समितिका अन्य सदस्यहरुमा दुईजना डेपुटी गभर्नर र सदस्य सचिवको रुपमा कार्य गर्न गभर्नरले तोकेको बैङ्कको एकजना वरिष्ठ अधिकृत रहनेछ ।

---

✂ दोस्रो संशोधनद्वारा झिकिएको ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) बमोजिम गठन भएको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गभर्नरले व्यवस्थापन समितिको बैठकमा भाग लिन बैङ्कका अन्य कुनै पनि अधिकृतलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिले आफ्नो कार्य सम्पादन गर्ने सिलसिलामा आवधिक रुपमा देशको मौद्रिक तथा आर्थिक अवस्थाको मूल्याङ्कन गर्नु पर्नेछ । यसका लागि व्यवस्थापन समितिले कम्तीमा महिनाको एकपटक समितिमा बैङ्कको प्रशासन र सञ्चालनका बारेमा, मौद्रिक तथा नियमन नीति सञ्चालनका बारेमा र देशको बैकिङ्ग प्रणालीको स्वस्थता, मुद्रा, पूँजी तथा विदेशी विनिमय बजारको अवस्था लगायत त्यस्ता नीतिहरुको कार्यान्वयन तथा त्यसले बैकिङ्ग प्रणालीमा पार्न सक्ने प्रभाव, परिस्थिति र महत्वपूर्ण घटनाहरुका बारेमा प्रतिवेदन पेश गर्नेछ ।

✼३४. <u>लेखापरीक्षण समितिः</u> समितिले आफूप्रति उत्तरदायी हुने गरी देहाय बमोजिमको एउटा लेखापरीक्षण समिति गठन गर्नेछः–

(क) समितिले तोकेको एकजना सञ्चालक –संयोजक

(ख) समितिले तोकेको सम्बन्धित विषयको विज्ञ एकजना –सदस्य

(ग) बैङ्कको आन्तरिक लेखापरीक्षण विभागको प्रमुख –सदस्य सचिव

३५. <u>लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकारः</u> (१) लेखापरीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) बैङ्कको लेखा, बजेट तथा लेखापरीक्षण कार्यविधि र नियन्त्रण व्यवस्थाका सम्बन्धमा आफ्नो प्रतिवेदन तथा सुझाव समितिमा पेश गर्ने ।

---

✼ दोस्रो संशोधनद्वारा संशोधित ।

(ख) बैङ्कको आवधिक वासलात तथा अन्य कागजातको लेखापरीक्षण र त्यस्ता कागजात ठीकसँग तैयार भए नभएको बारे यकिन गर्ने ।

(ग) बैङ्कले अपनाएको उपयुक्त जोखिम व्यवस्था कार्यान्वयनको सुपरिवेक्षण गर्ने ।

(घ) बैङ्कमा लागू भएको प्रचलित कानून पूर्णरुपमा पालना भएको छ भनी विश्वस्त हुन बैङ्कको प्रशासन र सञ्चालनको नियमित व्यवस्थापकीय तथा कार्य सम्पादनको लेखापरीक्षण गर्ने ।

(ङ) प्रचलित कानून तथा अन्तर्राष्ट्रिय लेखा मापदण्ड अनुरुप बैङ्कको लेखापरीक्षण कार्यको निमित्त विनियम बनाई स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने ।

(२) लेखापरीक्षण समितिले उपदफा (१) को खण्ड (क) बमोजिम प्रतिवेदन तथा सुझाव समितिमा पेश गर्दा सोको जानकारी गभर्नरलाई दिनु पर्नेछ ।

३६. <u>बैङ्कका कर्मचारीहरु:</u> (१) समितिले बैङ्कको काम सुचारुरुपले सञ्चालन गर्नको लागि आवश्यक कर्मचारी नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

३७. <u>पेशागत आचार संहिता र पदीय दायित्व:</u> (१) गभर्नर वा डेपुटी गभर्नरले आफ्नो पदमा रहुन्जेलसम्म बैङ्कलाई आफ्नो पेशागत सेवा पूर्णरुपमा प्रदान गर्नु पर्नेछ । बैङ्कले मनोनयन गरेकोमा बाहेक निजहरुले अन्य ठाउँमा पारिश्रमिक लिई वा नलिई कुनै पनि किसिमको पद ग्रहण गर्न वा नोकरी गर्न वा सेवा प्रदान गर्न पाउने छैन ।

तर मुनाफा नकमाउने उद्देश्यले गठन भएका मेडिकल एशोसिएसन, इन्जिनियर्स एशोसिएसन, बार एशोसिएसन, बैङ्कर्स एशोसिएसन, चार्टर्ड एकाउण्टेण्ट्स एशोसिएसन जस्ता पेशागत तथा व्यावसायिक सङ्घ,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

संस्थामा कुनै पद ग्रहण गरी प्रदान गरेको सेवाको हकमा भने यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकले पदीय दायित्व निर्वाह गर्दा बैङ्कको हितलाई सर्वोपरी राख्नु पर्नेछ ।

(३) आफनो कर्तव्य पालनको सिलसिलामा कुनै किसिमको अनुचित प्रभाव पार्ने किसिमले गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकले स्वयम् वा आफ्नो पारिवारिक, व्यापारिक वा वित्तीय सम्बन्ध भएको कुनै व्यक्तिको माध्यमबाट कुनै किसिमको उपहार वा कर्जा लिन हुँदैन ।

३८. <u>गोपनीयता:</u> (१) गभर्नर, डेपुटी गभर्नर वा सञ्चालक वा बैङ्कका कर्मचारी, सल्लाहकार, लेखापरीक्षक, एजेन्ट वा प्रतिनिधिले देहायको काम कुरा गर्न पाउने छैनः–

(क) पदीय रुपमा काम गर्दा प्राप्त हुन आएको कुनै प्रकाशित वा अप्रकाशित गोप्य जानकारी वा सूचना अरुलाई दिन वा सोको भेद खोल्न, वा

(ख) त्यस्तो जानकारी वा सूचना निजी लाभको लागि प्रयोग गर्न ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले तोकिदिएको प्रक्रिया अनुरुप आफूले थाहा पाएको प्रकाशित वा अप्रकाशित सूचना देहायको अवस्थामा प्रकाशमा ल्याउन सक्नेछः–

(क) सार्वजनिक रुपमा आफ्नो कर्तव्य पालना गर्दा, कानून कार्यान्वयन गर्ने निकायलाई सहयोग गर्दा, अदालतको आदेशले वा सक्षम अधिकारीको आदेशको कारणबाट त्यस्तो सूचना प्रकाशमा ल्याएकोमा,

(ख) आफ्नो कर्तव्य पालनाको सिलसिलामा बैङ्कको बाह्य लेखापरीक्षक, तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाका कर्मचारीहरुलाई त्यस्तो सूचना दिएकोमा, र

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ग) कानूनी कारबाहीको सिलसिलामा बैङ्कको हितको लागी त्यस्तो सूचना प्रकाश गरेमा ।

परिच्छेद–४

आर्थिक व्यवस्था

३९. बैङ्कको पूँजीः (१) बैङ्कको पूँजी ✱पाँच अर्ब रुपैयाँ हुनेछ ।

(२) बैङ्कको पूँजी नेपाल सरकारबाट प्राप्त हुनेछ र यो पूँजी हस्तान्तरण गर्न वा सो उपर ऋणभार लगाउन पाइने छैन ।

(३) उपदफा (१) बमोजिमको पूँजी नेपाल सरकारले थपघट गर्न सक्नेछ । यसरी पूँजी थपघट गर्दा नेपाल सरकारले बैङ्कसँग परामर्श लिनेछ ।

✱४०. खुद आय व्ययको गणनाः (१) बैङ्कले प्रत्येक आर्थिक वर्षमा आफ्नो आय व्ययको विवरण तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आय व्ययको विवरण तयार गर्दा नेपाल लेखामान बमोजिम गर्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल लेखामानमा समावेश नभएका क्षेत्रहरुको हकमा अन्तर्राष्ट्रिय लेखा मापदण्डलाई आधारको रुपमा लिनु पर्नेछ ।

(४) आय व्ययको विवरण तयार गर्दा बैङ्कलाई प्राप्त भैसकेको आय, बैङ्कले व्यहोरेको वा व्यहोर्न बाँकी रहेको व्यय र खुद मूल्याङ्कन आय वा व्यय समायोजन गरी खराब वा शङ्कास्पद ऋण तथा सम्पत्तिको ह्रास कट्टी व्यवस्था घटाई खुद आय यकिन गर्नु पर्नेछ ।

✱४१. खुद आयको बाँडफाँटः (१) कुनै आर्थिक वर्षमा बैङ्कले खुद आय आर्जन गरेमा त्यस्तो आयको बाँडफाँट तथा प्रयोग देहाय बमोजिम गर्नु पर्नेछः–

✱ दोस्रो संशोधनद्वारा संशोधित ।

(क) खुद आयबाट पुनर्मूल्याङ्कन नाफा बराबरको रकमलाई पुनर्मूल्याङ्कन जगेडा कोषमा छुट्टयाई राख्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको रकम छुट्टयाएपछि कायम हुन आउने वितरणयोग्य खुद आयको पाँच प्रतिशत रकम मौद्रिक दायित्व कोषमा, दश प्रतिशतमा नघट्ने गरी समितिले तोकेको रकम साधारण जगेडा कोषमा, पाँच प्रतिशत रकम वित्तीय स्थायित्व कोषमा तथा समितिले तोके बमोजिमको रकम खुद सञ्चित बचत कोषमा राख्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम रकम विनियोजन गरिसकेपछि समितिले बाँकी बचतबाट अन्य कोषमा आवश्यकता अनुसार रकम विनियोजन गरी बाँकी रहन आउने रकम नेपाल सरकारमा दाखिला गर्नु पर्नेछ ।

(घ) साधारण जगेडा कोषमा रकम छुटयाउँदा बैङ्कको वार्षिक बजेटमा उल्लेख भएको पूँजीगत खर्च समेतलाई खाम्ने गरी थप रकम विनियोजन गर्नु पर्नेछ ।

(२) साधारण जगेडा कोष र सञ्चित बचत कोषको रकम बैङ्कको पूँजी वृद्धि गर्नका लागि समेत प्रयोग गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कोषमा जाने रकम बाहेक अन्य रकमका सम्बन्धमा नियममा व्यवस्था भए बमोजिम हुनेछ ।

✂४२. खुद व्ययको बाँडफाँट: (१) कुनै आर्थिक वर्षमा बैङ्कको आयको तुलनामा व्यय बढी भएको अवस्थामा बढी भएको खुद व्यय रकमलाई देहाय बमोजिम बाँडफाँट गर्नु पर्नेछः–

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

(क) खुद व्ययमा पुनर्मूल्याङ्कन आय समेत समावेश भएमा पुनर्मूल्याङ्कन आयलाई पुनर्मूल्याङ्कन जगेडा कोषमा राख्नु पर्नेछ ।

(ख) खुद व्ययमा पुनर्मूल्याङ्कन व्यय समेत समावेश भएको अवस्थामा पुनर्मूल्याङ्कन व्ययलाई पुनर्मूल्याङ्कन जगेडा कोषमा खर्च लेख्नु पर्नेछ । पुनर्मूल्याङ्कन जगेडा कोषमा रहेको रकमभन्दा पुनर्मूल्याङ्कन व्यय बढी भएमा बढी भएको व्यय रकमलाई देहायको कोष तथा खातामा प्राथमिकता क्रममा खर्च लेखिनेछः–

(१) सञ्चित बचत कोषमा जम्मा रहेको रकमसम्म सञ्चित बचत कोषमा,

(२) उपखण्ड (१) अनुसार सञ्चित बचत कोषमा समायोजन पश्चात् व्यय रकम बाँकी रहेमा साधारण जगेडा कोषमा, र

(३) उपखण्ड (१) र (२) बमोजिम सञ्चित बचत कोष र साधारण जगेडा कोष समायोजन पश्चात् व्यय रकम बाँकी रहेमा पूँजी खातामा ।

(ग) खण्ड (क) बमोजिमको पुनर्मूल्याङ्कन आय र खण्ड (ख) बमोजिमको पुनर्मूल्याङ्कन व्यय बाहेकको सञ्चालन तथा अन्य व्ययलाई सञ्चित बचत कोषमा खर्च लेख्नु पर्नेछ ।

(घ) सञ्चित बचत कोषमा जम्मा रहेको रकम भन्दा व्यय रकम बढी भएमा बढी व्यय रकमलाई देहायको कोष तथा खातामा प्राथमिकता क्रममा खर्च लेख्नु पर्नेछः–

(१) साधारण जगेडा कोषमा रहेको रकमसम्म साधारण जगेडा कोषमा,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपखण्ड (१) बमोजिम साधारण जगेडा कोषमा समायोजन पश्चात् व्यय रकम बाँकी रहेमा पूँजी खातामा,

(२) उपदफा (१) बमोजिम व्ययको बाँडफाँट गर्दा समायोजन हुन नसकेको व्यय नेपाल सरकारले व्यहोर्नेछ ।

४३. वार्षिक बजेटः प्रत्येक आर्थिक वर्ष सुरु हुनुअगावै समितिले आगामी आर्थिक वर्षको लागि अनुमानित आम्दानी र खर्चको बजेट तथा कार्यक्रम स्वीकृत गर्नेछ । यसरी स्वीकृत गरिएको बजेटलाई वास्तविक परिस्थिति र अनुमान गर्न सकिने कुराका आधारमा प्रत्येक तीन महिनामा समितिले मूल्याङ्कन र संशोधन गर्न सक्नेछ । यस्तो बजेट नेपाल सरकारको जानकारीको लागि पठाइनेछ ।

## परिच्छेद–५
## मौद्रिक कार्य र खुला बजार सञ्चालन

४४. मौद्रिक नीतिः बैङ्कलाई नेपाल [2]………. को मौद्रिक नीति निर्माण गर्ने, कार्यान्वयन गर्ने र गराउने पूर्ण अधिकार हुनेछ ।

✖४५. खुला बजार कारोबार सञ्चालनः (१) बैङ्कले सम्झौता गरी नेपाल सरकारको तर्फबाट जारी गरेको ऋणपत्र वा बैङ्कले जारी गरेको वा तोकेको ऋणपत्र तत्काल खरिद वा बिक्री गर्ने वा पछि खरिद वा बिक्री गर्ने गरी खुला बजार कारोबार सञ्चालन गर्नेछ ।

(२) बैङ्कले उपदफा (१) बमोजिमको खुला बजार कारोबार सञ्चालन गर्दा नेपाल सरकारका ऋणपत्रहरु वा बैङ्क आफैले जारी गरेका ऋणपत्रको सुरक्षणमा रिपर्चेज एग्रिमेण्ट वा रिभर्स रिपर्चेज एग्रिमेण्ट गरी अल्पकालीन तरलता व्यवस्थापनको कार्य समेत गर्न सक्नेछ ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

✖ दोस्रो संशोधनद्वारा संशोधित ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) बैङ्कले खुला बजार कारोबार सञ्चालनका लागि अन्य उपयुक्त उपकरण समेत जारी गर्न सक्नेछ ।

४६. <u>वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको अनिवार्य मौज्दातः</u> (१) बैङ्कले वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई उनीहरुसँग जम्मा भएको निक्षेप, सापटी कोष वा बैङ्कले तोकेको अन्य दायित्वको अनुपातमा बैङ्कमा अनिवार्य मौज्दात जम्मा गर्नुपर्ने गरी निर्देशन दिनेछ । बैङ्कले तोकेको अनिवार्य मौज्दात बैङ्कमा जम्मा गर्नु वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

(२) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको अनिवार्य मौज्दातको गणना गर्दा बैङ्कले अवधि तोकी दैनिक औसत मौज्दातको आधारमा गर्नेछ ।

४७. <u>अनिवार्य मौज्दात राख्न नसकेमाः</u> कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाले बैङ्कले तोकिदिएको अनिवार्य मौज्दात बमोजिमको रकम जम्मा नगरेमा सो नगरेको अवधिसम्मका लागि बैङ्कले सम्बन्धित वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई जरिवाना गर्नेछ । यसरी जरिबाना गर्दा जरिबानाको रकम बैङ्कले तोकेको अधिकतम बैङ्क दरको तीन गुणा भन्दा बढी हुने छैन ।

४८. <u>डिस्काउण्ट कारोबारः</u> (१) बैङ्कले आफूसँग खाता रहेका वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले पेश गरेका देहायका विनिमेय अधिकारपत्रमा डिस्काउण्ट कारोबार गर्न सक्नेछः–

(क) नेपाल [2].......... मा ६ महिनाभित्र भुक्तानी हुने गरी वाणिज्य बैङ्क सहित कम्तीमा दुई पक्षको हस्ताक्षर भएको प्रतिज्ञापत्र वा विनिमयपत्र ।

(ख) बैङ्कले प्राप्त गरेको मितिले ६ महिनाभित्र भुक्तानी हुने नेपाल सरकार वा बैङ्कले निष्कासन गरेको नेपाल [2].......... भित्र भुक्तानी हुने ऋणपत्र ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) डिस्काउण्ट कारोबार गर्दा लागू हुने डिस्काउण्ट दर, शर्त र प्रक्रिया बैङ्कले तोके बमोजिम हुनेछ ।

४९. वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई कर्जा तथा पुनर्कर्जा: (१) बैङ्कले आफूले निर्धारण गरेको शर्त तथा प्रक्रियाको अधीनमा रही वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई बढीमा ✂एक वर्षको लागि देहायको जायजेथाको सुरक्षणमा कर्जा तथा पुनर्कर्जा प्रदान गर्न सक्नेछः–

(क) दफा ६६ को उपदफा (१) को खण्ड (ङ) मा उल्लेख भए बमोजिमको अन्तर्राष्ट्रिय विनिमेय अधिकारपत्र,

(ख) नेपाल 2.......... भित्र भुक्तानी हुने गरी नेपाल सरकारबाट जारी भएको ऋणपत्र,

(ग) बैङ्कमा जम्मा रहेको निक्षेप वा यस ऐन अन्तर्गत बैङ्कले कारोबार गर्न सक्ने सुन तथा बहुमूल्य धातु,

(घ) दफा ४८ को उपदफा (१) बमोजिमका विनिमयपत्र वा प्रतिज्ञापत्र, र

(ङ) तोकिए बमोजिमका अन्य सुरक्षणपत्रहरु ।

(२) ⏭.......... उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले सर्वसाधारणको हित र कल्याणका लागि कर्जा प्रवाह गर्न उपयुक्त देखी बैङ्कलाई अनुरोध गरेको खण्डमा र त्यस्तो कर्जाको नेपाल सरकारले प्रचलित बजार दरको सुरक्षणपत्रको ग्यारेन्टी दिएमा वा अन्तिम ऋणदाताको रुपमा कार्य गर्नु पर्दा बैङ्कले असाधारण अवस्थामा बढीमा एक वर्षसम्मका लागि वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई कुनै पनि किसिमको कर्जा प्रवाह गर्न सक्नेछ ।

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

⏭ पहिलो संशोधनद्वारा झिकिएको ।

❐(३) उपदफा (१) वा (२) बमोजिम प्रदान गरिएको कर्जा तोकिए बमोजिमका शर्तहरुको अधीनमा रही थप एक वर्षका लागि नवीकरण गर्न सकिनेछ ।

५०. डिस्काउण्ट दर र पुनर्कर्जाको ब्याज दरः बैङ्कको डिस्काउण्ट दर र पुनर्कर्जाको ब्याज दर बैङ्कले समय समयमा निर्धारण गर्नेछ । यसरी निर्धारण गरेको डिस्काउण्ट दर र पुनर्कर्जाको ब्याज दरको सूचना बैङ्कले सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन र प्रशारण गर्नेछ ।

## परिच्छेद – ६
## मौद्रिक एकाई, बैङ्क नोट र सिक्का

५१. मौद्रिक एकाईः (१) नेपाल 2............ को मौद्रिक एकाई रुपैयाँ हुनेछ र यस्तो रुपैयाँ एकसय पैसामा विभाजित हुनेछ ।

(२) उपदफा (१) बमोजिमको रुपैयाँ नेपाल 2.......... भित्र कानूनी ग्राह्य (लिगल टेण्डर) हुनेछ र यस्तो रुपैयाँको जमानत नेपाल सरकारबाट प्राप्त हुनेछ ।

५२. बैङ्क नोट र सिक्का निष्कासन गर्ने अधिकारः (१) बैङ्कलाई नेपाल 2......... भित्र बैङ्क नोट तथा सिक्का निष्कासन गर्ने एकाधिकार हुनेछ । यस्तो नोट तथा सिक्का नेपाल 2.......... मा कानूनी ग्राह्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम बैङ्कले नोट निष्कासन गर्दा सुरक्षण राखेर मात्र निष्कासन गर्नेछ र यस्तो निष्कासित नोटको दायित्व सुरक्षण बापत राखिएको सम्पत्तिको मूल्य बराबर हुनेछ । सुरक्षण बापत राखिने सम्पत्तिको कमसेकम पचास प्रतिशत सुन, चाँदी, विदेशी मुद्रा, विदेशी धितोपत्र र विदेशी विनिमेय अधिकारपत्रमध्ये एक वा एक भन्दा बढीमा र अरु बाँकी प्रतिशत सिक्का (मोहर, डबल र सो भन्दा बढी दरको), नेपाल सरकारले निष्कासन गरेको ऋणपत्र र बैङ्कबाट पुनः भुक्तानी दिएको

❐ दोस्रो संशोधनद्वारा थप ।
2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

बढीमा अठार महिनाभित्र नेपालमा नै भुक्तानी हुने प्रतिज्ञापत्र वा विनिमयपत्रमध्ये एक वा एक भन्दा बढीमा राखिनेछ ।

तर नेपाल सरकारले स्वीकृति दिएमा सुरक्षण बापत राखिने सम्पत्तिको कमसेकम चालीस प्रतिशत सुन, चाँदी, विदेशी मुद्रा, विदेशी धितोपत्र र विदेशी विनिमेय अधिकारपत्रमध्ये एक वा एक भन्दा बढीमा र अरु बाँकी प्रतिशत नेपाली सिक्का (मोहर, डबल र सो सो भन्दा बढी दरको), नेपाल सरकारले निष्कासन गरेको ऋणपत्र र बैङ्कबाट पुनः भुक्तानी दिएको बढीमा अठार महिनाभित्र नेपालमा नै भुक्तानी हुने प्रतिज्ञापत्र वा विनिमयपत्रमध्ये एक वा एकभन्दा बढीमा पनि राख्न सकिनेछ ।

(३) उपदफा (२) को प्रयोजनको लागि सम्पत्तिको मूल्याङ्कन देहाय बमोजिम गरिनेछः–

(क) सुनको मूल्य समितिको सिफारिसमा नेपाल सरकारले निर्धारित गरिदिए बमोजिमको दरमा ।

(ख) चाँदीको मूल्य समितिले मनासिब ठहऱ्याएको दरमा ।

(ग) विदेशी मुद्रा बैङ्कद्वारा निर्धारित विनिमय दरमा ।

(घ) नेपाल सरकारले निष्कासन गरेको ऋणपत्र, विदेशी धितोपत्र र विनिमेय अधिकारपत्र बजार दर हेरी समितिले मनासिब ठहराएको दरमा ।

(ङ) सिक्का अङ्कित दर (फेस भेल्यु) मा ।

(४) बैङ्कले आवश्यकता अनुसार विभिन्न दरका बैङ्क नोट निष्कासन गर्नेछ । यसरी बैङ्क नोट निष्कासन गर्दा नोटमा देखिने चित्र, आकार र दर नेपाल सरकारको स्वीकृतिमा र नोटमा नदेखिने चित्र, आन्तरिक सुरक्षाको व्यवस्था, बैङ्क नोट छपाई गर्ने वस्तु तथा अन्य पदार्थ समितिले निर्णय गरे बमोजिम हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(५) समितिको राय लिई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी जुनसुकै दरको बैङ्क नोट कुनै तोकिएको ठाउँ वा अड्डामा बाहेक अन्यत्र नचल्ने गराउन सक्नेछ ।

(६) च्यातिएको, मेटिएको अथवा झुत्रिएको नोट बैङ्कले पुनः निष्कासन गर्ने छैन ।

(७) बैङ्कले नेपाल सरकारको स्वीकृति लिई जुनसुकै मूल्य, नाप, तौल, शुद्धता, डिजाइन र धातुको वा मिश्रण भएको धातुको सिक्का चलन चल्तीको निमित्त वा विशेष अवसरमा टक्सारमा टक्मरी गराई चलन चल्तीमा ल्याउन सक्नेछ । बैङ्कले आवश्यक देखेमा यस्तो सिक्का कुनै विदेशी टक्सारमा समेत टकमरी गराउन सक्नेछ ।

तर एकपटक स्वीकृति लिई टकमरी गराई सकेको सिक्कालाई पुनः टकमरी गराउन परेमा नेपाल सरकारको स्वीकृति लिनुपर्ने छैन ।

(८) बैङ्कले नेपाल सरकारको स्वीकृति लिई कुनै विदेशी सरकारले टकमरी गराउन पठाएको सिक्का टकमरी गर्न सक्नेछ ।

(९) बैङ्क स्थापना हुनुभन्दा अगाडि नेपाल सरकारबाट निष्कासन भएका नोट र बैङ्कबाट निष्कासन भएका बैङ्क नोटको तिरोभरो गर्ने जवाफदेही बैङ्कको हुनेछ ।

(१०) बैङ्क नोट निष्कासन बापत सुरक्षणमा रहेको सम्पत्तिबाट उपदफा (९) बमोजिमको दायित्व बाहेक अरु दायित्व पूरा गरिने छैन ।

५३. बैङ्क नोट तथा सिक्का सर्वस्वीकार्य हुनेः बैङ्कद्वारा कानूनी ग्राह्य बनाई निष्कासन गरिएका बैङ्क नोट तथा सिक्का नेपाल [2]............ भित्र सबै किसिमको सार्वजनिक तथा व्यक्तिगत ऋण चुक्ता गर्न त्यस्तो नोट वा सिक्कामा अङ्कित रकमसम्मको निमित्त सर्वस्वीकार्य हुनेछ ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून किताब व्यवस्था समिति

५४. <u>सिक्काको नाप, तौल र आकारः</u> यस ऐन बमोजिम बैङ्कले निष्कासन गर्ने सिक्कामा अङ्कित हुने मूल्य, तिनको नाप, तौल, आकार र अन्य विशेषता समितिले तोके बमोजिम हुनेछ ।

५५. <u>मुद्रा निष्कासन र सुरक्षाः</u> बैङ्क नोट छाप्ने र टकमार्ने व्यवस्था गर्ने, जारी नगरिएको बैङ्क नोट र सिक्कालाई समुचित रुपमा राखी सुरक्षा प्रदान गर्ने र चलनचल्तीमा नरहेको पुरानो बैङ्क नोट वा सिक्का, प्लेट र डाईलाई सुरक्षित राख्ने वा नष्ट गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. <u>मुद्राको सटही व्यवस्थाः</u> बैङ्कले कुनै शुल्क वा दस्तुर नलिई नेपाल [2]............ भित्र कानूनी ग्राह्य हुने बैङ्क नोट वा सिक्कालाई समान मूल्यको एकै वा विभिन्न दरको बैङ्क नोट वा सिक्कासँग सटही गरिदिनेछ ।

५७. <u>झुत्रो वा खोटो मुद्राः</u> (१) बैङ्कले झुत्रो मुद्रालाई खिच्ने, नष्ट गर्ने वा अन्य बैङ्क नोट वा सिक्कासँग सटही गरिदिन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले डिजाइन मेटिएको, च्यातिएको, विकृत वा पचास प्रतिशत भन्दा बढी भाग नभएको बैङ्क नोट वा सिक्का सटही गर्न इन्कार गर्न सक्नेछ ।

(३) बैङ्कले उपदफा (१) बमोजिमको बैङ्क नोट वा सिक्काको धनीलाई तोकिए बमोजिम क्षतिपूर्ति दिई वा नदिई त्यस्ता बैङ्क नोट वा सिक्का खिच्न वा नष्ट गर्न सक्नेछ ।

(४) हराएको वा चोरिएको बैङ्क नोट वा सिक्काको धनीलाई बैङ्कबाट सट्टाभर्ना पाउने हक हुने छैन । बैङ्कले कुनै मुआब्जा नदिई बाहिरी स्वरुप परिवर्तन गरिएको वा खोटो सिक्का वा नक्कली नोट जफत गर्न सक्नेछ ।

<u>स्पष्टीकरणः</u> यस दफाको प्रयोजनको लागि "खोटो सिक्का" भन्नाले बैङ्कले निष्कासन गरेको सिक्काको नक्कल गरी टक मारेको, डाली वा खोदी बनाएको नक्कली सिक्का वा बैङ्कबाट निष्कासन गरेको सिक्कालाई दुई वा दुई

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

भन्दा बढी टुक्रा हुने गरी काटेको, फुटाएको वा सिक्कामा उल्लिखित अङ्क, अक्षर तथा चिन्ह मेटिएको सिक्का सम्झनु पर्छ ।

५८. <u>मुद्राको स्टक र निष्कासन सम्बन्धी व्यवस्था:</u> मुद्राको स्टक र निष्कासन सम्बन्धी व्यवस्था तथा मुद्राको माग पूरा गर्न नियमित रुपमा बैङ्क नोट तथा सिक्काको आपूर्ति गर्ने कार्य बैङ्कले गर्नेछ ।

५९. <u>जारी भएको मुद्राको हिसाब राख्ने:</u> बैङ्कले चलन चल्तीमा रहेको कुल बैङ्क नोट ✂.......... लाई आफ्नो हिसाबमा मौद्रिक दायित्वको रुपमा छुट्टै देखाउनु पर्नेछ । स्टकमा रहेको अथवा चलनचल्तीमा आई नसकेको बैङ्क नोट ✂........... यस्तो दायित्व अन्तर्गतपर्ने छैन ।

६०. <u>जारी गरिएको मुद्रा खिच्ने वा फिर्ता लिने:</u> (१) बैङ्कले नेपाल [2]............ भित्र चलनचल्तीमा रहेका बैङ्क नोट तथा सिक्का सोधभर्ना दिने गरी खिच्न वा फिर्ता लिन सक्नेछ । त्यसरी खिच्ने वा फिर्ता लिने बैङ्क नोट तथा सिक्का कति दिनभित्र बैङ्कको कुन कार्यालयमा सट्टाभर्नाका लागि पेश गर्ने भन्ने व्यहोरा स्पष्टरुपमा किटान गरी बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गर्नेछ ।

(२) दफा ५३ मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि उपदफा (१) बमोजिम तोकिएको समय समाप्त भएपछि सट्टाभर्ना गर्नुपर्ने बैङ्क नोट तथा सिक्का कानूनी ग्राह्य हुने छैन ।

(३) बैङ्कले उपदफा (१) बमोजिम चलनचल्तीबाट खिचेका बैङ्क नोट तथा सिक्का तथा त्रुटियुक्त मुद्रा तोकिए बमोजिम धुल्याउन, काट्न, फुटाउन वा अन्य कुनै पनि किसिमले नष्ट गर्न सक्नेछ ।

६१. <u>प्रतिलिपि र जाली मुद्रा:</u> (१) कसैले पनि देहाय बमोजिमको कुनै काम कुरा गर्न, गराउन हुँदैनः–

---

✂ दोस्रो संशोधनद्वारा झिकिएको ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) नेपाल 2……… भित्र चलनचल्तीमा रहेका कानूनी ग्राह्य बैङ्क नोट तथा सिक्का वा चेक वा भुक्तानी कार्डको जालसाजी वा कीर्ते गरी वा रुप फेरी वा अन्य कुनै प्रकारले नक्कली मुद्रा बनाउन वा सो को प्रतिलिपि बनाउन वा सो सम्बन्धी कुनै कार्य गर्न वा त्यस्तो कुनै कार्यमा सघाउ पुऱ्याउन, वा

(ख) बैङ्क नोट वा सिक्का, चेक वा भुक्तानी कार्ड, नक्कली, झुत्रा, कीर्ते वा जालसाजी गरी वा रुप फेरेर बनाएको हो भन्ने थाहा पाई पाई पनि त्यस्ता बैङ्क नोट वा सिक्का वा चेक वा भुक्तानी कार्ड कसैले आफूसँग राख्न, ओसार पसार गर्न वा जारी गर्न वा त्यस्तो कुनै कार्यमा सघाउ पुऱ्याउन, वा

(ग) बैङ्क नोट वा सिक्का, चेक वा भुक्तानी कार्ड, नक्कली, झुट्टा, कीर्ते वा जालसाजी वा रुप फेरेर बनाउनका लागि प्रयोग हुँदैछ भन्ने जानी जानी कुनै धातुको पाता, ढुङ्गा, कागज, डाई वा अन्य कुनै वस्तु वा पदार्थ कसैले आफ्नो साथमा राख्न, उत्पादन गर्न वा ओसार पसार गर्न वा त्यस्तो कुनै कार्यमा सघाउ पुऱ्याउन ।

(२) नेपाली रुपैयाँमा अङ्कित मूल्यको बैङ्क नोट, सिक्का, चेक वा भुक्तानी कार्डको प्रतिलिपि उतार गर्दा र कुनै वस्तुको सृजना गर्दा त्यस्तो वस्तुको बनावट कुनै किसिमबाट बैङ्क नोट, सिक्का, चेक वा भुक्तानी कार्डसित मिल्न जाने भएमा सो गर्नुभन्दा पहिले बैङ्कको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(३) बैङ्कले जाली नोट वा खोटो सिक्का वा नक्कली चेक वा भुक्तानी कार्डको निष्कासन रोक्ने सम्बन्धमा आवश्यक कदम चाल्न सक्नेछ । यस्तो कदम चाल्दा बैङ्कले आवश्यक आदेश, निर्देशन वा सूचना जारी गर्न सक्नेछ ।

परिच्छेद –७

<u>विदेशी विनिमय नीति, नियमन र सञ्चिति</u>

६२. विदेशी विनिमय नीतिः बैङ्कलाई नेपाल [2]........... को विदेशी विनिमय नीति निर्माण गर्न, कार्यान्वयन गर्ने र गराउने पूर्ण अधिकार हुनेछ ।

६३. विदेशी विनिमय व्यवस्थापनः विदेशी विनिमयको व्यवस्थापन बैङ्कले गर्नेछ । यस्तो व्यवस्थापन गर्न बैङ्कलाई देहाय बमोजिमको अधिकार हुनेछः–

(क) विदेशी विनिमय कारोबार गर्न चाहने व्यक्तिलाई यस ऐन वा अन्य प्रचलित कानूनको अधीनमा रही इजाजतपत्र जारी गर्ने ।

(ख) इजाजतपत्र प्राप्त व्यक्तिबाट गरिने विदेशी विनिमय कारोबार नियमित तथा व्यवस्थित गर्नका लागि नियम तथा विनियम बनाउने, आवश्यक आदेश, निर्देशन वा सूचना जारी गर्ने ।

(ग) इजाजतपत्र प्राप्त व्यक्तिको निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने ।

(घ) इजाजतपत्र प्राप्त व्यक्तिको कारोबारको आधार, सीमा तथा शर्त निर्धारण गर्ने ।

(ङ) नेपाली रुपैयाँको विदेशी विनिमय दर निर्धारण पद्धति तोक्ने ।

६४ विदेशी विनिमय कारोबारको विवरणः (१) बैङ्कले इजाजतपत्र प्राप्त व्यक्तिलाई विदेशी मुद्रा सटही तथा सो सम्बन्धी सञ्चालनको विस्तृत विवरण बैङ्कमा पेश गर्न लगाउनेछ । त्यस्तो विवरण पेश गर्नुपर्ने अवधि, ढाँचा र तत्सम्बन्धी अन्य कागजात बैङ्कले समय समयमा तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण र बैङ्कले तोकेको कागजात बैङ्क समक्ष पेश गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

६५. विदेशी विनिमयको कारोबारः (१) बैङ्कले विदेशी विनिमय, सुन तथा बहुमूल्य धातु खरिद वा बिक्री गर्न सक्नेछ ।

---

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

(२) बैङ्कले उपदफा (१) बमोजिम गर्ने खरिद बिक्री स्पट, अग्रिम विनिमय दर, स्वाप, अप्सन वा यस्तै प्रकारका अन्य उपकरण, नगद वा कुनै पनि विनिमेय अधिकारपत्रको माध्यमबाट गर्न सक्नेछ ।

(३) बैङ्कले दफा ६६ को उपदफा (१) को प्रयोजनको लागि विदेशी विनिमय खरिद वा बिक्री गर्न सक्नेछ । त्यस्तो खरिद, बिक्री स्पट, अग्रिम विनिमयदर, स्वाप, अप्सन वा यस्तै अन्य उपकरणको आधारमा समेत गर्न सक्नेछ ।

(४) बैङ्कले विदेशी मुद्राहरुको खरिद बिक्री दर कायम गरी कारोबार गर्नेछ । यसरी कारोबार गर्दा गरिने कारोबारको आधार, सीमा तथा शर्त बैङ्कले तोके बमोजिम हुनेछ ।

६६. विदेशी विनिमय सञ्चिति: (१) बैङ्कले विदेशी विनिमय सञ्चितिको परिचालन गर्नेछ । यस्तै सञ्चिति सम्बन्धित विदेशी विनिमयमा अङ्कित हुनेछ र यस्तो सञ्चितिमा देहायको सम्पत्ति समावेश हुनेछः–

(क) बैङ्कले जिम्मा लिएको वा बैङ्कको खातामा रहेको सुन तथा बहुमूल्य धातु ।

(ख) बैङ्कले जिम्मा लिएको वा बैङ्कको खातामा जम्मा रहेको विदेशी मुद्रा ।

(ग) बैङ्कको नाममा विदेशी केन्द्रीय बैङ्क वा अन्य विदेशी बैङ्क खातामा रहेको विदेशी मुद्रा ।

(घ) बैङ्कको नाममा अन्तर्राष्ट्रिय मुद्रा कोषमा जम्मा रहेको स्पेशल ड्रइङ्ग राईट्स (एस.डि.आर) ।

(ङ) बैङ्कको जिम्मामा रहेको विदेशी विनिमयमा भुक्तानी हुने गरी कुनै ऋणी वा दायित्वकर्ताले जारी गरेको विनिमयपत्र, प्रतिज्ञापत्र, बचत ऋणपत्र, बण्ड तथा अन्य ऋण सुरक्षण ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(च) तत्काल वा पुनर्खरिद गर्ने गरी विदेशी बैङ्क वा अन्तर्राष्ट्रिय वित्तीय संस्थासँग वा ती संस्था जमानी बसेको र भविष्यमा खरिद गर्ने गरी बैङ्क तथा अर्को पक्ष बीच विदेशी विनिमयमा भुक्तानी हुने गरी भएको सम्झौता ।

(२) बैङ्कले उपदफा (१) बमोजिमको सम्पत्तिको चयन गर्दा बैङ्कको पूँजी र तरलताको सुरक्षालाई ध्यानमा राखी अधिकतम आम्दानी हुने किसिमले गर्नु पर्नेछ ।

(३) बैङ्कले मौद्रिक तथा विदेशी विनिमय नीति कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय कारोबारमा शीघ्र भुक्तानीको लागि आवश्यकपर्ने यथोचित अन्तर्राष्ट्रिय सञ्चिति कायम गर्नु पर्नेछ ।

(४) अन्तर्राष्ट्रिय सञ्चितिको मात्रा घटेको वा घट्ने अवस्थामा पुगेको कारणबाट मौद्रिक तथा विदेशी विनिमय नीति कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय कारोबारमा शीघ्र भुक्तानीको प्रक्रियामा प्रतिकूल असर पर्न जाने आशङ्का बैङ्कलाई लागेमा बैङ्कले अन्तर्राष्ट्रिय सञ्चितिको वर्तमान स्थिति, सो घटेको र घट्नुको कारणका साथै सोको रोकथाम गर्न अपनाउनुपर्ने उपाय समेत खुलाई नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको स्थितिमा सुधार नआएसम्मको लागि बैङ्कले आवश्यकता अनुसार थप सुझाव सहितको प्रतिवेदन तयार गरी नेपाल सरकार समक्ष पेश गर्नेछ ।

(६) उपदफा (१) बमोजिमको विदेशी विनिमय सञ्चितिलाई बैङ्कले आफ्नो वासलातमा देखाउनेछ ।

६७. सुन तथा विदेशी मुद्रामा ऋणपत्र जारी गर्नेः (१) बैङ्कले नेपाल सरकारको स्वीकृति लिई कुनै निश्चित प्रयोजनका लागि सुन तथा विदेशी मुद्रामा अङ्कित कुनै एक वा एक भन्दा बढी प्रकारको ऋणपत्र जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी गरिने ऋणपत्रको किसिम, अवधि, साँवा ब्याजको भुक्तानी तथा अन्य कुराहरु बैङ्कले तोके बमोजिम हुनेछ ।

६८. अन्तर्राष्ट्रिय क्लियरिङ्ग र भुक्तानी सम्झौताः बैङ्कले आफ्नो खाता वा नेपाल सरकारको निर्देशन बमोजिम सरकारी खाताको लागि विदेश स्थित सार्वजनिक वा निजी केन्द्रीय क्लियरिङ्ग संस्थासँग क्लियरिङ्ग तथा भुक्तानी सम्झौता गर्न सक्नेछ । बैङ्कले यस्तो सम्झौताको उद्देश्य कार्यान्वयन गर्नको लागि आवश्यक अन्य सम्झौता समेत गर्न सक्नेछ ।

परिच्छेद–८

नेपाल सरकारसँगको सम्बन्ध

६९. बैङ्कर, सल्लाहकार र वित्तीय ऐजेन्टः (१) बैङ्क नेपाल सरकारको बैङ्कर, आर्थिक विषयको सल्लाहकार तथा नेपाल [2]............ को वित्तीय ऐजेन्ट हुनेछ ।

(२) नेपाल सरकारले बैङ्कको क्षेत्राधिकारसँग सम्बन्धित विषयमा बैङ्कसँग परामर्श लिनेछ । यसरी नेपाल सरकारबाट माग भएका विषयमा परामर्श दिनु बैङ्कको कर्तव्य हुनेछ ।

(३) प्रत्येक वर्ष नेपाल सरकारले वार्षिक बजेट तयार गर्दा आन्तरिक ऋण लगायत अधिविकर्षको सम्बन्धमा बैङ्कसँग परामर्श लिनेछ ।

(४) बैङ्कले प्रत्येक वर्ष आर्थिक तथा वित्तीय विषयमा नेपाल सरकार समक्ष पूर्व बजेटकालीन समीक्षा प्रतिवेदन पेश गर्नेछ ।

७०. बाह्य ऋण सम्बन्धी परामर्श तथा जानकारीः (१) नेपाल सरकारले बाह्य क्षेत्रबाट ऋण लिँदा बैङ्कसँग परामर्श लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको परामर्शमा ऋण रकमको राशि, सोको प्राप्ति तथा ऋण सापटीका शर्त वा अवस्था तथा ऋणको भुक्तानी जस्ता विषय पर्नेछन् ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) नेपाल सरकारले बाह्य ऋण लिएको जानकारी बैङ्कलाई दिनेछ ।

(४) नेपाल सरकारले विदेशी विनिमयमा दायित्व सृजना हुने गरी निजी वा सार्वजनिक संस्थालाई बाह्य ऋण लिन स्वीकृति दिँदा बैङ्कसँग परामर्श लिनेछ ।

(५) नेपाल सरकार, सार्वजनिक संस्था वा निजी क्षेत्रले विदेशी विनिमयमा दायित्व सृजना हुने गरी भए गरेका सम्झौताको जानकारी बैङ्कलाई दिनु पर्नेछ ।

७१. <u>निक्षेप सङ्कलनः</u> (१) बैङ्कले नेपाल सरकारको वा नेपाल सरकारले तोकिदिएको अन्य निकायको निक्षेप स्वीकार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निक्षेप स्वीकार गर्दा बैङ्कले रकम जिम्मा लिने, भुक्तानी दिने, खाता सञ्चालन गर्ने तथा अन्य बैकिङ्ग सेवा प्रदान गर्ने जस्ता कार्य गर्नेछ ।

(३) बैङ्कले तोकेको शर्त पालना गर्ने गरी आवश्यकता अनुसार वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई उपदफा (२) बमोजिमको कारोबार गर्न पाउने गरी अधिकार प्रदान गर्न सक्नेछ ।

७२. <u>वित्तीय एजेन्टको कार्यः</u> बैङ्कले नेपाल सरकारसँग भएको सम्झौताका आधारमा निर्धारित शर्त वा सीमाको अधीनमा रही देहायका विषयमा नेपाल सरकारको वित्तीय ऐजेन्टको रुपमा कार्य गर्नेछः–

(क) नेपाल सरकारद्वारा जारी गरिएका ऋणपत्रको खरिद बिक्री गर्ने, बजार व्यवस्था गर्ने, हस्तान्तरण गर्ने र सोको अभिलेख राख्ने जस्ता कारोबार ।

(ख) खण्ड (क) बमोजिमको ऋणपत्रको साँवा, ब्याज र अन्य दस्तुरको भुक्तानी ।

(ग) एजेन्टको रुपमा गर्नुपर्ने आवश्यक अन्य कार्य ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

७३. <u>बैङ्कले विवरण, तथ्याङ्क तथा कागजात माग गर्न सक्नेः</u> (१) बैङ्कले आफ्नो काम कारबाही सञ्चालन गर्न आवश्यकपर्ने विवरण, तथ्याङ्क तथा कागजात सम्बन्धित निकायबाट माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बैङ्कले मागेको विवरण, तथ्याङ्क तथा कागजात उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

७४. <u>कानून सुधारका सम्बन्धमा बैङ्कसँग परामर्श लिन सक्नेः</u> (१) बैङ्कको उद्देश्य वा यसको अधिकार क्षेत्रभित्रका मौद्रिक नीति तथा सञ्चालन, कर्जा, शोधनान्तर, विदेशी विनिमय र बैकिङ्ग जस्ता विषयसँग सरोकार राख्ने कानूनको संशोधन वा निर्माण वा सो सम्बन्धी कार्य गर्नु अगाडि सम्बन्धित निकायले बैङ्कसँग परामर्श लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग भएको परामर्श दिनु बैङ्कको कर्तव्य हुनेछ ।

(३) बैङ्कको उद्देश्य वा यसको अधिकार क्षेत्र वा दक्षताभित्रका मौद्रिक नीति तथा सञ्चालन, कर्जा, शोधनान्तर, विदेशी विनिमय र बैकिङ्ग जस्ता विषयमा नयाँ कानूनको निर्माण वा भैरहेको कानूनमा संशोधन गर्ने प्रस्ताव नेपाल सरकार समक्ष पेश गर्ने अधिकार बैङ्कलाई हुनेछ ।

७५. <u>नेपाल सरकारलाई जाने कर्जा र सरकारी ऋणपत्रको खरिदः</u> (१) यस ऐनमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक बैङ्कले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संस्थालाई कुनै प्रकारको वित्तीय सहयोग प्रदान गर्ने छैन ।

(२) यस दफाको अधीनमा रही बैङ्कले एक सय असी दिनभित्र चुक्ता हुने गरी नेपाल सरकारलाई कर्जा प्रदान गर्न सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपालले कुनै अन्तर्राष्ट्रिय संस्थाको सदस्य हुँदा तिर्नुपर्ने दस्तुर वा सोसँग सम्बन्धित भुक्तानीको लागि लामो अवधिको विशेष कर्जा बैङ्कले नेपाल सरकारलाई प्रदान गर्न सक्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) बैङ्कले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण, अधिकांश वा आंशिक स्वामित्व भएको संस्थालाई प्रदान गर्ने कर्जा नेपाली रुपैयाँमा मात्र भुक्तानी गर्नेछ । यसरी प्रदान गरिएको कर्जाको लागि नेपाल सरकारले सो कर्जा रकम बराबरको विनिमेय ऋणपत्र जारी गरी बैङ्कलाई प्रदान गर्नेछ । त्यस्तो ऋणपत्रको भुक्तानी अवधि कर्जा अवधिलाई खाम्ने र प्रचलित ब्याज दरको हुनु पर्नेछ । यसरी बैङ्कले नेपाल सरकारलाई प्रदान गर्ने सबै कर्जाका सम्बन्धमा बैङ्क र नेपाल सरकारका बीच लिखित सम्झौता हुनेछ । उक्त लिखित सम्झौतामा कर्जाको कुल रकम वा सीमा, त्यसको शर्त, भुक्तानी अवधि, ब्याज दर तथा अन्य दस्तुरको सम्बन्धमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ ।

<u>स्पष्टीकरण:</u> यस दफाको प्रयोजनको लागि "विनिमेय ऋणपत्र" भन्नाले प्रमिसरी नोटको रुपमा जारी भएको ऋणपत्र सम्झनु पर्छ ।

(५) बैङ्कले नेपाल सरकारलाई प्रवाह गरेको अधिविकर्ष कुनै पनि समयमा नेपाल सरकारको अघिल्लो आर्थिक वर्षको राजस्व आयको पाँच प्रतिशत भन्दा बढी हुने छैन । यस्तो राजश्व आयको गणना गर्दा ऋण सापटी, आर्थिक अनुदान वा अन्य कुनै पनि किसिमका आर्थिक सहयोग तथा सम्पत्ति बिक्रीबाट भएको आर्जन समावेश हुने छैन ।

(६) उपदफा (५) बमोजिमको अधिविकर्षको भुक्तानी नेपाल सरकारले एक सय असी दिनभित्र प्रचलित बजार ब्याज दरमा नगद वा बजारयोग्य ऋणपत्र मार्फत गर्नु पर्नेछ ।

(७) बैङ्कले नेपाल सरकारबाट खरिद गरी आफ्नो स्वामित्वमा लिएको ऋणपत्रको कुल रकम अघिल्लो आर्थिक वर्षको राजश्व आयको दश प्रतिशत भन्दा बढी हुने छैन ।

(८) देहायको अवस्थामा बैङ्कले खरिद गरेको नेपाल सरकारद्वारा निष्कासित ऋणपत्रलाई उपदफा (७) बमोजिम नेपाल सरकारलाई प्रदान गरिने ऋणको रुपमा लिइने छैनः–

(क) बैङ्कको मौद्रिक नीति अनुरुप खुल्ला बजार सञ्चालनको लागि दोस्रो बजारबाट खरिद गरेकोमा ।

(ख) प्राथमिक निष्कासनको समयमा बैङ्कले बजारलाई उपयुक्त स्तरमा राख्न आवश्यक ठानी साठी दिनभित्रमा बेच्ने गरी खरिद गरेकोमा ।

(ग) उपदफा (७) लागू हुनुअघि बैङ्कले नेपाल सरकारबाट खरिद गरी आफ्नो स्वामित्वमा लिएको ऋणपत्रको हकमा ।

परिच्छेद–९

<u>बैङ्कको नियमन र निरीक्षण तथा सुपरिवेक्षण</u>

७६. <u>निक्षेप लिन वा कर्जा दिन बैङ्कको स्वीकृति लिनुपर्नेः</u> (१) कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले कुनै पनि प्रकारको निक्षेप लिन वा कर्जा दिन बैङ्कबाट तोकिए बमोजिम स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वीकृति प्रदान गर्दा बैङ्कले तोकिए बमोजिम आवश्यक शर्त समेत निर्धारण गरी स्वीकृति प्रदान गर्न सक्नेछ र त्यस्तो शर्तहरुको पालना गर्नु सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कर्तव्य हुनेछ ।

७७. <u>ब्याज दरमा बन्देजः</u> प्रचलित कानून बमोजिम निक्षेप लिने वा कर्जा दिने अधिकार भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले निक्षेपमा दिने वा कर्जामा लिने ब्याज दर निर्धारण गर्दा बैङ्कले समय समयमा तोकिदिएको ब्याज दर सम्बन्धी व्यवस्था बमोजिम गर्नु पर्नेछ ।

७८. <u>बैङ्कबाट इजाजतपत्र लिनु पर्नेः</u> (१) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले बैकिङ्ग तथा वित्तीय कारोबार गर्न बैङ्कबाट तोकिए बमोजिम इजाजतपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र प्रदान गर्दा बैङ्कले तोकिए बमोजिम आवश्यक शर्त समेत निर्धारण गरी इजाजतपत्र प्रदान

कानून तथा न्याय मन्त्रालय

गर्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

७९. <u>बैङ्कले नियमन गर्ने:</u> (१) बैङ्कलाई वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको काम कारबाही नियमन गर्ने पूर्ण अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियमन गर्ने सम्बन्धमा बैङ्कले आवश्यक देखेका विषयमा नियम तथा विनियम बनाउन र आवश्यक आदेश, निर्देशन तथा सूचना जारी गर्न सक्नेछ र त्यस्तो नियम तथा विनियम र आदेश, निर्देशन तथा सूचनाको पालना गर्नु सम्बन्धित वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

(३) बैङ्कले देहायका विषयमा वाणिज्य बैङ्कलाई आवश्यक निर्देशन जारी गरी देहायको विवरण पेश गर्न लगाउनेछः–

(क) वासलातभित्रको लेखा तथा हिसाब किताब, वासलात बाहिरको हिसाब किताब वा बचनबद्वता र आम्दानी खर्चको विवरण र तिनीहरुको लेखा शीर्षकसँगको अनुपातिक विवरण ।

(ख) बैङ्कले तोकेको सीमाभित्र नपरेका विशेष प्रकारको कर्जा वा लगानीका सम्बन्धमा लगाइएको शर्त, प्रतिबन्ध वा निषेध वा त्यस्ता कर्जा वा लगानी तथा जोखिम व्यहोर्ने प्रकृतिको बचनबद्धता, सम्पत्ति र दायित्वको आवधिक मिलान र वासलात बाहिरका शीर्षक, विदेशी मुद्राको स्थिति, स्पट र अग्रिम विनिमय दर, स्वाप, अप्सन वा यस्तै प्रकारका अन्य उपकरण र विद्युतीय वा अन्य भुक्तानी प्रणालीका अन्य प्रक्रिया ।

(ग) बैङ्कले तोकेको अन्य विवरण तथा कागजात ।

(४) बैङ्कले देहायका विषयमा वित्तीय संस्थालाई आवश्यक निर्देशन जारी गरी देहायका विवरण पेश गर्न लगाउनेछः–

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) लेखा, हिसाब किताब, नाफा नोक्सान हिसाब, वासलात र वासलात बाहिरको कारोबार र बचनबद्धता र आम्दानी खर्चको विवरण तथा सोको लेखा शीर्षकसँगको अनुपातिक विवरण ।

(ख) विशेष प्रकारको कर्जा वा लगानीका सम्बन्धमा लगाइएको शर्त, प्रतिबन्ध वा निषेध वा बैङ्कले तोकेको सीमा भन्दा बढीको कर्जा वा लगानी, जोखिमपूर्ण बचनबद्धता, विदेशी मुद्राको स्थिति, भुक्तानी र भुक्तानी प्रणालीका विद्युतीय वा अन्य प्रक्रिया ।

(ग) बैङ्कले तोकेको अन्य विवरण तथा कागजात ।

❐(४क) बैङ्कले सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने प्रयोजनको लागि वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई ग्राहक पहिचान र ग्राहकको जोखिम वर्गीकरण तथा व्यवस्थापन गर्ने, रकम स्थानान्तरण, निक्षेप लगायतका सीमा वा शंकास्पद कारोबारको विवरण प्रचलित सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानून बमोजिम स्थापित वित्तीय जानकारी इकाईमा उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) बैङ्कलाई वाणिज्य बैङ्क तथा वित्तीय संस्थाका सम्बन्धमा देहाय बमोजिमको अधिकार हुनेछः–

(क) यस ऐन र वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको इजाजतपत्र, सुपरिवेक्षण तथा नियमन गर्न बनेको अन्य कुनै ऐनले दिएको अधिकार र दायित्वको कार्यान्वयन र वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको इजाजतपत्र रद्द गर्ने तथा टाट उल्टन लागेका वा टाट उल्टेका वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई बैङ्क आफैले जिम्मा लिने वा ट्रष्टिसिपमा जिम्मा दिने ।

---

❐ दोस्रो संशोधनद्वारा थप ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा सो अन्तर्गत जारी भएको आदेश वा निर्देशन अनुरुप कारोबार सञ्चालन गरेको छ, छैन भनी बैङ्कका कुनै अधिकृत वा बैङ्कले तोकेको व्यक्तिद्वारा त्यस्ता बैङ्क वा संस्थाको हिसाब किताब, अभिलेख, कागजात वा अन्य स्रेस्ता जाँचबुझ वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने वा गर्न लगाउने ।

(ग) बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कारोबारको सम्बन्धमा निरीक्षण तथा सुपरिवेक्षण गर्नु परेमा त्यस्ता बैङ्क वा संस्थाका सञ्चालक समितिका सदस्य, पदाधिकारी वा कर्मचारीलाई आफ्नो बैङ्क वा संस्थाको बारेमा आवश्यक जानकारी पेश गर्न आदेश दिने ।

८०. <u>बैकिङ्ग तथा वित्तीय व्यवस्था र कर्जा नियन्त्रण:</u> बैकिङ्ग तथा वित्तीय व्यवस्था, मुद्रा तथा कर्जाका सम्बन्धमा बैङ्कले वाणिज्य बैङ्क तथा वित्तीय संस्थालाई समय समयमा निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

८१. <u>तोकिएको क्षेत्रमा कर्जा प्रवाह गर्नु पर्ने:</u> (१) बैङ्कले समय समयमा तोकिदिएको क्षेत्रमा बैङ्कले तोकिदिएको अवधिसम्मको लागि बैङ्कले तोकिदिए बमोजिम वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नु पर्नेछ ।

(२) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाले उपदफा (१) बमोजिम कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा त्यसरी प्रवाह नगरेको वा कम प्रवाह गरेको रकममा सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले कर्जामा लिने अधिकतम ब्याज दरले हुन आउने रकम बैङ्कले सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग हर्जाना लिन सक्नेछ ।

कानून तथा न्याय मन्त्रालय

८२. <u>बैङ्क समक्ष पेश गर्नुपर्ने सूचना:</u> (१) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले आफ्नो कारोबार तथा वित्तीय अवस्थाको विवरण बैङ्कले तोके बमोजिम बैङ्क समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध भएको विवरणलाई बैङ्कले प्रकाशन गर्न सक्नेछ ।

८३. <u>डिबेञ्चर तथा वित्तीय उपकरण जारी गर्न स्वीकृति लिनु पर्ने:</u> (१) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले कुनै पनि प्रकारको डिबेञ्चर वा वित्तीय उपकरण जारी गर्दा बैङ्कको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको स्वीकृति दिँदा बैङ्कले आवश्यक शर्तहरु तोक्न सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु सम्बन्धित वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको कर्तव्य हुनेछ ।

८४. <u>निरीक्षण तथा सुपरिवेक्षण:</u> (१) बैङ्कद्वारा इजाजतपत्र प्रदान गरिएका वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरुको निरीक्षण तथा सुपरिवेक्षण कार्यको निमित्त समितिले अन्तर्राष्ट्रियस्तरको निरीक्षण तथा सुपरिवेक्षण विनियम बनाई लागू गर्नेछ ।

(२) बैङ्कले जुनसुकै बखत वाणिज्य बैङ्क र वित्तीय संस्थाको जुनसुकै कार्यालयको निरीक्षण तथा सुपरिवेक्षण गर्न, गराउन सक्नेछ । यस्तो निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धित कार्यालयमा बैङ्कको कुनै अधिकारी वा बैङ्कले तोकेको विशेषज्ञ खटाई वा विस्तृत विवरण तथा सूचनाहरु बैङ्कमा नै झिकाई पनि गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारी वा विशेषज्ञ वा बैङ्कले मागेका लगत, तथ्याङ्क, विवरण, सूचना, कम्प्युटर अडिटको लागि आवश्यकपर्ने विवरण तथा अन्य विद्युतीय माध्यमबाट सृजना गरिएका कार्यक्रम, विवरण र वित्तीय नियन्त्रण प्रणाली वा आवश्यक अन्य कुनै कागजात त्यस्तो अधिकारी, विशेषज्ञ वा बैङ्कले तोकेको समयभित्र त्यस्तो अधिकारी, विशेषज्ञ वा बैङ्कलाई उपलब्ध गराउने, हेर्न वा जाँच्न दिने कर्तव्य सम्बन्धित वाणिज्य बैङ्क र वित्तीय

कानून किताब तथा संसदीय मामिला मन्त्रालय

संस्था वा त्यस्तो वाणिज्य बैङ्क र वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा कर्मचारीको हुनेछ ।

(४) यस दफा बमोजिम निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारी वा बैङ्कले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै सञ्चालक, पदाधिकारी वा कर्मचारीसँग निरीक्षण तथा सुपरिवेक्षण गर्दा आवश्यक देखेका काम कारबाहीका सम्बन्धमा लिखित रुपमा बयान गराउन सक्नेछ ।

(५) निरीक्षण तथा सुपरिवेक्षण गर्दा आवश्यक देखिएका कुराको सम्बन्धमा बैङ्क वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ । यसरी बैङ्क वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित वाणिज्य बैङ्क र वित्तीय संस्थाको कर्तव्य हुनेछ । निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले यसरी दिएको निर्देशनको जानकारी यथाशीघ्र बैङ्कलाई दिनु पर्नेछ ।

✂(६) यस दफा बमोजिम निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारी वा विशेषज्ञले आफूले गरेको निरीक्षण तथा सुपरिवेक्षणको प्रतिवेदन तोकिएको अवधिभित्र गभर्नर समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम पेश भएको प्रतिवेदन समितिको आगामी बैठकमा पेश गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम पेश भएको प्रतिवेदन उपर समितिले आवश्यक निर्णय गरी सो सम्बन्धमा चाल्नुपर्ने कदमहरुका बारेमा गभर्नरलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्ने, गराउने जिम्मेवारी गभर्नरको हुनेछ ।

८५. <u>आपसी सहयोग आदान प्रदान गर्ने:</u> (१) आ–आफ्नो सुपरिवेक्षण क्षेत्राधिकार अन्तर्गतपर्ने वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको सुपरिवेक्षण गर्नको लागि बैङ्कले सम्बन्धित विदेशी सुपरिवेक्षण अधिकारीसँग पारस्परिकताको आधारमा सहयोगको आदान प्रदान गर्न सक्नेछ ।

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिम सुपरिवेक्षण गर्ने प्रयोजनको लागि प्राप्त जानकारी वा सूचना गोपनीयता भङ्ग नहुने गरी बैङ्कले विदेशी सुपरिवेक्षण अधिकारीसँग आदान प्रदान गर्न सक्नेछ ।

(३) बैङ्कले वित्तीय प्रणालीसँग सम्बन्धित नीति नियमन गर्ने अन्य निकायसँग वित्तीय प्रणालीको सम्वर्द्धन गर्ने प्रयोजनका निमित्त एक आपसमा सहयोगको आदान प्रदान गर्न सक्नेछ ।

➔८६. ....................

📖८६क. <u>वाणिज्य बैङ्क वा वित्तीय संस्थाले बैङ्कलाई जानकारी गराउनु पर्नेः</u> कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था प्रचलित कानून बमोजिम दामासाही वा खारेजीमापर्ने अवस्था भएमा वा त्यस्तो बैङ्क वा वित्तीय संस्थाले भुक्तानी गर्नुपर्ने कुनै रकम भुक्तानी गर्न नसक्ने वा पूरा गर्नुपर्ने कुनै वा सबै दायित्व पूरा गर्न उल्लेखनीयरुपमा (म्याटेरियल्ली) असमर्थ भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाले सोको जानकारी बैङ्कलाई पन्ध्र दिनभित्र अविलम्ब गराउनु पर्नेछ ।

📖८६ख. <u>वाणिज्य बैङ्क वा वित्तीय संस्था समस्याग्रस्त भएको मानिनेः</u> दफा ८६क. बमोजिमको जानकारी बैङ्कले प्राप्त गरेकोमा वा दफा ८४ बमोजिमको निरीक्षण तथा सुपरिवेक्षण प्रतिवेदनबाट वा अन्य कुनै पनि तवरबाट कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा देहायको कुनै अवस्था विद्यमान रहेको कुरामा बैङ्क विश्वस्त भएमा बैङ्कले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई लिखित सूचना दिई समस्याग्रस्त भएको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको रुपमा घोषणा गर्नेछः–

(क) निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हित विपरीत हुने गरी कुनै कार्य गरेको देखिएमा,

कानून किताब व्यवस्था समिति

---

➔ दोस्रो संशोधनद्वारा खारेज ।

📖 पहिलो संशोधनद्वारा थप ।

(ख) आफूले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेमा वा गर्न सक्ने सम्भावना नभएमा वा भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्न नसकेमा,

(ग) दामासाहीमा परेको वा पर्न लागेको वा उल्लेखनीय रुपमा आर्थिक कठिनाई भोगिरहेको भएमा,

(घ) यस ऐन, वाणिज्य बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून, अन्य प्रचलित कानून, इजाजतपत्र प्रदान गर्दा तोकिएका शर्त वा बैङ्कको नियमन, निर्देशन वा आदेशको अवज्ञा वा उल्लंघन गरेको देखिएमा,

(ङ) झुट्टा, जालसाज, गलत कागजात वा तथ्य पेश गरी इजाजतपत्र प्राप्त गरेको देखिन आएमा,

(च) यस ऐन, वाणिज्य बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून तथा बैङ्कले समय–समयमा दिएको निर्देशन बमोजिमको न्यूनतम पूँजी कोष कायम गर्न नसकेमा,

(छ) प्रचलित कानून बमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजी (लिक्विडेशन) ❐वा फरफारख वा दामासाही सम्बन्धी कानूनी कारबाही अघि बढाइएको भएमा,

(ज) स्वेच्छिक खारेजीको कारबाही शुरु भएकोमा त्यस्तो कारबाही पूरा गर्न अनुचित ढिलाई भएकोमा,

(झ) कुनै विदेशी वाणिज्य बैङ्क वा वित्तीय संस्थाको संलग्नतामा स्थापना भएको वाणिज्य बैङ्क वा वित्तीय संस्था भएमा त्यस्तो विदेशी वाणिज्य बैङ्क वा वित्तीय संस्था दामासाहीमा वा खारेजीमा परेमा वा खारेजीमा परी लिक्विडेटर नियुक्त भएमा वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको बैकिङ्ग

---

❐ दोस्रो संशोधनद्वारा थप ।

कारोबार गर्ने इजाजतपत्र सम्बन्धित मुलुकको कानून बमोजिम खारेज भएमा वा कारोबारमा आंशिक वा पूर्णरुपले प्रतिबन्ध लागेमा वा त्यस्ता वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग सम्मिलित भई बैकिङ्ग कारोबार सञ्चालन गरेको देखिएमा, वा

(ञ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले आफूले गर्नुपर्ने भुक्तानी वा पूरा गर्नुपर्ने दायित्व वा काम कर्तव्यमा प्रतिकुल असर पार्ने अवस्था विद्यमान भएको कुरामा बैङ्क विश्वस्त भएमा ।

📖८६ग. समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई बैङ्कले कारबाही गर्न सक्ने: (१) दफा ८६ख. बमोजिम बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था समस्याग्रत भएको घोषणा गरेमा कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि *त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई वा सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समितिलाई बैङ्कले देहायको कुनै वा सबै कारबाही गर्ने आदेश दिन सक्नेछः–

(क) नयाँ शेयर जारी गरी वा जारी पूँजीको भुक्तानी हुन बाँकी रकम भुक्तानी गर्न लगाई चुक्ता पूँजी वृद्धि गर्न लगाउने,

(ख) शेयरधनीहरुको मताधिकार वा अन्य अधिकारहरु आवश्यकता अनुसार निलम्बन गर्ने,

(ग) पूँजी वृद्धि गर्न शेयरधनीहरुलाई प्रदान गरिने लाभांश वा अन्य रकमहरु निश्चित अवधिका लागि वितरण गर्न रोक लगाउने,

(घ) सञ्चालक तथा अन्य उच्च पदाधिकारीहरुलाई प्रदान गरिने बोनस, पारिश्रमिक, क्षतिपूर्ति तथा अन्य रकमहरुको वितरणको सीमा निर्धारण गर्ने,

---

📖 पहिलो संशोधनद्वारा थप ।

* पहिलो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सुशासन, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउने,

(च) निक्षेप स्वीकार, कर्जा प्रवाह वा लगानीमा प्रतिबन्ध लगाउने वा सोको सीमा तोक्ने,

(छ) पूँजीको पर्याप्तता तथा तरलताको अनुपात उच्च राख्न लगाउने वा व्यवसायिक कारोबार माथि प्रतिबन्ध लगाउने वा अन्य आवश्यक शर्त तोक्ने,

(ज) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कारोबार सीमित गर्ने वा जायजेथाको बिक्री गर्न वा शाखा विस्तार गर्न रोक लगाउने वा स्वदेश वा विदेशका कुनै शाखा कार्यालय बन्द गर्न लगाउने,

(झ) गुणात्मक रुपले शङ्कास्पद देखिएका सम्पत्ति र यथार्थ मूल्य अभिलेखन नभएका धितो वा अन्य सम्पत्तिहरुको जोखिम कम गर्न आवश्यक व्यवस्था मिलाउने,

(ञ) प्रचलित कानून तथा बैङ्कको नियमन उल्लंघन गरी अनियमित तरिकाबाट सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई हानि नोक्सानी पुग्न जाने कार्यमा रोक लगाउने,

(ट) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले गर्न पाउने कार्यहरुमध्ये कुनै खास प्रकृतिको काम कारबाही कुनै खास अवधिका लागि गर्न रोक लगाउने,

(ठ) मुख्य–मुख्य पूँजीगत खर्च गर्दा उल्लेखनीय रुपमा दायित्व व्यहोर्नुपर्ने गरी प्रतिबद्धता जनाउँदा वा सम्भावित दायित्वमा खर्च गर्दा बैङ्कको पूर्व स्वीकृति लिनु पर्ने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ड) आवश्यकता अनुसार एक वा एक भन्दा बढी सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई हटाउन लगाउने,

(ढ) खण्ड (ड) बमोजिमको आदेश दिँदा सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले सो आदेशमा उल्लिखित सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई नहटाएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले त्यस्ता सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई आफै हटाउन सक्नेछ ।

(ण) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समिति निलम्बन गर्ने र त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई आफैं वा आफूद्वारा नियुक्त अधिकारी मार्फत त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्ने गराउने,

<u>स्पष्टीकरण:</u> "नियुक्त अधिकारी" भन्नाले यस खण्ड बमोजिम बैङ्कले आफ्नो नियन्त्रणमा लिएको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्न बैङ्कद्वारा नियुक्त कुनै एक वा एक भन्दा बढी व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ ।

(त) धितोपत्र बजारमा सूचीकृत वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई धितोपत्र बजारबाट आफ्नो नाम हटाउन आवेदन दिन लगाउने,

(थ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सुरक्षण नराखेको सहायक आवधिक ऋणको साँवा तथा ब्याज भुक्तानीमा प्रतिबन्ध लगाउने,

(द) बैङ्कले आवश्यक र उपयुक्त देखेका अन्य कुनै काम कारबाही गर्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(२) उपदफा (१) को खण्ड (ढ) बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई हटाउने आदेश दिँदा वा खण्ड (ण) बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समिति निलम्बन गर्दा त्यस्ता सञ्चालक, व्यवस्थापक, कर्मचारी वा सञ्चालक समितिलाई सुनुवाईको मनासिब मौकाबाट वञ्चित गरिने छैन ।

तर त्यस्तो मौका दिँदा वाणिज्य बैङ्क वा वित्तीय संस्था वा सोका निक्षेपकर्ता, शेयरधनी, साहु वा सर्वसाधारणको हितमा प्रतिकुल असरपर्ने देखिएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्ता सञ्चालक, व्यवस्थापक वा कर्मचारीलाई तत्काल निजको पद वा सेवाबाट हटाउन आदेश दिने वा सञ्चालक समिति निलम्बन गरी यथासम्भव छिटो सुनुवाईको मौका प्रदान गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भए बमोजिमको कारबाहीका सम्बन्धमा सुनुवाई गर्दा सो कारबाही मनासिब नदेखिएमा बैङ्कले उपदफा (१) को खण्ड (ढ) वा (ण) बमोजिमको आदेशलाई बदर गर्न, परिवर्तन गर्न वा अन्य मनासिब निर्णय गर्न सक्नेछ ।

(४) उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था आफ्नो नियन्त्रणमा लिई सोही खण्डमा उल्लिखित कुनै पनि तवरबाट वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले व्यहोर्नु पर्नेछ ।

(५) उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले दिएको आदेशको अवधि बैङ्कले अर्को त्यस्तै आदेशद्वारा थप नगरेसम्म सामान्यतया दुई वर्षसम्म कायम रहनेछ ।

(६) उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिएकोमा सोको प्रारम्भिक

प्रतिवेदन र तत्पश्चात बैङ्क वा बैङ्कद्वारा नियुक्त अधिकारीले तयार पारेको वार्षिक प्रतिवेदन नेपाल सरकारको जानकारीको लागि पठाउनेछ ।

(७) उपदफा (१) को खण्ड (ड), (ढ), (ण) र (त) बमोजिम दिइएको आदेश बैङ्कले आवश्यक ठानेमा अर्को आदेशबाट फिर्ता लिन वा बदर गर्न सक्नेछ । त्यसरी अर्को आदेश जारी गर्दा त्यस्तो आदेश जारी गर्नुपर्ने आधार तथा कारण र अन्य आवश्यक कुराहरु सो आदेशमा उल्लेख गर्नु पर्नेछ ।

(८) उपदफा (१) को खण्ड (ढ) बमोजिम बैङ्कको आदेशबाट हटाइएका सञ्चालक, व्यवस्थापक वा कर्मचारीले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक, व्यवस्थापक वा कर्मचारीको पद वा कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै पनि पदमा रही वा अन्य कुनै पनि तरिकाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सम्बद्ध भई कुनै काम कारोबार समेत गर्न पाउने छैन ।

(९) उपदफा (१) को खण्ड (ढ) बमोजिम हटाइएको कुनै पनि सञ्चालक, व्यवस्थापक वा कर्मचारी वा खण्ड (ण) बमोजिम निलम्बन भएको सञ्चालक समितिका सदस्यहरुले सो आदेश भएको मिति देखि प्रचलित कुनै कानून बमोजिम वा निजहरुसँग कुनै प्रत्यक्ष वा अप्रत्यक्ष सम्झौता भएको भए सो सम्झौतामा उल्लिखित कुनै पनि पारिश्रमिक वा क्षतिपूर्तिको दावी गर्न पाउने छैनन् ।

(१०) समस्याग्रस्त कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पूँजीको निर्धारण, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन बैङ्कले तोकिदिए बमोजिमको आधार, प्रक्रिया र मापदण्ड बमोजिम हुनेछ ।

📖८६घ. <u>बैङ्कले वाणिज्य बैङ्क वा वित्तीय संस्था नियन्त्रणमा लिएपछिको असरः</u> (१) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिमको आदेश दिई बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई सोको व्यवस्थापन तथा कारोबार सञ्चालन गर्दा

---

📖 पहिलो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

गराउँदाको अवस्थामा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, व्यवस्थापक तथा कर्मचारीले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति, जायजेथा तथा सम्पूर्ण कारोबार तथा सोको विवरण र कारोबार सञ्चालन गर्न आवश्यकपर्ने सम्पूर्ण सहयोग तथा सुविधाहरु बैङ्क वा बैङ्कबाट नियुक्त भएको अधिकारीलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिने आदेश दिएकोमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा सञ्चालन गर्न नियुक्त अधिकारीले बैङ्कले दिएको आदेशको परिधिभित्र रही सो आदेश उपर बैङ्कले अन्यथा निर्णय नगरेसम्म त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा कारोबार आफ्नो नियन्त्रणमा लिई सोको सञ्चालन त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नामबाट गर्नु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले आफ्नो नियन्त्रणमा लिएको कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा सञ्चालन गर्न नियुक्त अधिकारीले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था, सोको सञ्चालक समिति, शेयरधनी वा व्यवस्थापकलाई प्रचलित कानून, त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीले प्रदान गरेको सम्पूर्ण अधिकार आवश्यकता अनुसार प्रयोग गर्न सक्नेछ र त्यस्तो अधिकारीले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको साधारण सभा वा विशेष साधारण सभाले गर्ने काम वा अन्य कुनै प्रकारले प्रयोग गर्न पाउने अधिकारको समेत प्रयोग गर्न सक्नेछ ।

(४) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन आफ्नो नियन्त्रणमा लिएको बैङ्कको आदेश बहाल रहेसम्म दफा ८६ग. को उपदफा (१) को खण्ड (ढ) बमोजिम हटाइएका सञ्चालक, व्यवस्थापक वा कर्मचारी तथा खण्ड (ण) बमोजिम निलम्बन गरिएको सञ्चालक समितिको सदस्यलाई त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा सञ्चालन गर्न बैङ्कबाट नियुक्त अधिकारीले लिखित

स्वीकृति नदिएसम्म समस्याग्रस्त रहेको अवधिभर त्यस्ता सञ्चालक, व्यवस्थापक वा कर्मचारीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापनमा संलग्न हुन वा कुनै प्रकारको पारिश्रमिक वा सुविधा लिन पाउने छैन ।

📖८६ङ. <u>बैङ्क वा बैङ्कबाट नियुक्त अधिकारीले प्रयोग गर्ने सुधारात्मक उपाय तथा अधिकारहरु:</u> (१) कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कबाट कुनै समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम आफ्नो नियन्त्रणमा लिने आदेश जारी गरी सोको व्यवस्थापन तथा सञ्चालन गर्न बैङ्क आफै वा बैङ्कबाट नियुक्त अधिकारीले बैङ्कको पूर्व स्वीकृति लिई त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पुनर्संरचना गर्न देहायका कुनै एक वा एक भन्दा बढी सुधारात्मक उपायहरु अवलम्बन गर्न वा गराउन सक्नेछः–

(क) नेपाल राज्यभित्र वा बाहिर सञ्चालन भैरहेको कुनै कारोबार रद्द वा निलम्बन गर्ने,

(ख) बैङ्कले तोकिदिएका शर्त तथा मापदण्डका आधारमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति अन्य कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई बिक्री गर्ने,

(ग) त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थामा कार्यरत कर्मचारीको सेवा अन्त्य गर्ने वा निजहरुको स्थानमा आवश्यकता अनुसार नयाँ कर्मचारी खटाउने,

(घ) आवश्यक देखिएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई अन्य वाणिज्य बैङ्क वा वित्तीय संस्थामा गाभ्ने वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै वा सबै सम्पत्ति तथा दायित्व अन्य कुनै वाणिज्य बैङ्क,

---

📖 पहिलो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

वित्तीय संस्था वा अन्य कुनै निकायमा हस्तान्तरण गर्ने प्रबन्ध मिलाउने,

(ङ) बैङ्कले तोकेको मापदण्डको अधीनमा रही तत्काल कायम रहेका शेयरधनीहरुको सहभागिता कम गराउन अन्य व्यक्तिहरुलाई शेयर बिक्री गरी पूँजी वृद्धि गर्ने वा सञ्चालक समितिको पुनर्गठन गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पुनर्संरचना गर्ने,

(च) दफा ८६ज. बमोजिम त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्तिको वास्तविक मूल्य प्रतिविम्बित हुने गरी पूँजी घटाउने र शेयरको अङ्कित मूल्य सोही पूँजीको अनुपातमा समायोजन गर्ने,

(छ) निक्षेपकर्ता, शेयरधनी, साहू तथा सर्वसाधारणको हितका लागि आवश्यक व्यवस्थापकीय पुनर्संरचना गर्ने वा सुचारुरुपले कारोबार सञ्चालन हुन नसकेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको शाखा तथा कारोबार बन्द गरी संस्थागत पुनर्संरचना गर्ने,

(ज) समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई सक्षम बनाउन आफूले तोकिदिए बमोजिमका अन्य उपायहरु अबलम्बन गर्ने गराउने ।

(२) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर उपदफा (१) को खण्ड (च) वा (छ) बमोजिम कुनै निर्णय लिनु पर्दा सो विषयमा निर्णय लिनु अघि सरोकारवालालाई मनासिब सुनुवाईको मौका दिनु पर्नेछ ।

तर अग्रीम सुनुवाईको मौका प्रदान गर्दा सोको निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हितमा प्रतिकुल असर पर्छ भन्ने बैङ्कलाई लागेमा त्यस्तो निर्णय लिई यथासम्भव छिटो सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ र त्यसरी भएको सुनुवाईबाट बैङ्क सन्तुष्ट हुने कारण र आधार

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

खुल्न आएमा सो निर्णयलाई आवश्यकता अनुसार परिवर्तन वा खारेज गर्न सकिनेछ ।

📖८६च. <u>उपचारात्मक कार्य गर्ने बैङ्कको अधिकारः</u> (१) बैङ्कले दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नियन्त्रण आफूले लिएको एक वर्षभित्र त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन परीक्षण वा लेखापरीक्षण गरी वा गराई सोको प्रतिवेदन सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्थापन परीक्षण वा लेखापरीक्षण प्रतिवेदनको आधारमा कम्पनी ऐन तथा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्क आफूले नियन्त्रणमा लिएको कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था राम्रोसँग सञ्चालन हुन सक्छ भन्ने कुरामा बैङ्क विश्वस्त भएमा बैङ्कले आवश्यकता अनुसार देहायका उपचारात्मक कार्यहरु गर्न सक्नेछः–

(क) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम निलम्बित सञ्चालक समितिको निलम्बन फुकुवा गरी पुनः सोही सञ्चालक समितिलाई व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न आदेश दिने,

(ख) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम निलम्बित सञ्चालक समितिलाई बर्खास्त गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाका शेयरधनीहरुमध्येबाट नयाँ सञ्चालक समितिको गठन गरी व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न लगाउने,

(ग) दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम निलम्बित सञ्चालक समितिलाई बर्खास्त गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको साधारण सभा

---

📖 पहिलो संशोधनद्वारा थप ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

बोलाई सोको व्यवस्थापन वा काम कारोबार सञ्चालन गर्न नयाँ सञ्चालक समितिको गठन गर्ने गराउने, वा

(घ) बैङ्कले उपयुक्त देखेको अन्य कुनै उपचारात्मक उपाय अवलम्बन गर्ने ।

✤(३) उपदफा (१) बमोजिमको व्यवस्थापन परीक्षण वा लेखापरीक्षण प्रतिवेदन वा बैङ्कद्वारा नियुक्त अधिकारीको प्रतिवेदनको आधारमा बैङ्कले तोकेको मापदण्डको अधीनमा रही आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड र नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाका प्रतिनिधि तथा अन्य बाह्य विशेषज्ञ समेत समावेश गरी गठन भएको समितिले निर्धारण गरिदिएको मूल्य भुक्तानी पाउने गरी कुनै शेयरधनीलाई निजको नाममा रहेको शेयरको स्वामित्व बैङ्कले उचित ठहराएको कुनै व्यक्तिलाई बिक्री, वितरण तथा हस्तान्तरण गर्न सार्वजनिक सूचना प्रकाशन गरी आदेश दिन सक्नेछ ।

(४) उपदफा (३) को खण्ड (क) बमोजिम कुनै कारणले शेयर बिक्री, वितरण तथा हस्तान्तरण हुन नसकेमा त्यस्तो शेयर बैङ्कले जफत गरिदिन सक्नेछ र त्यसरी जफत गरिएको शेयर बैङ्कले उपयुक्त ठहऱ्याएको तरिकाबाट उपदफा (३) को खण्ड (क) बमोजिम गठित समितिको राय समेत लिई अरु कसैलाई बिक्री, वितरण तथा हस्तान्तरण गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिमको निर्णय कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर लिनु पर्दा बैङ्कले प्रस्तावित विषयमा निर्णय लिनुअघि सरोकारवालालाई मनासिब माफिकको सुनुवाईको मौका दिनु पर्नेछ ।

तर अग्रीम सुनुवाईको मौका प्रदान गर्दा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था, सोका निक्षेपकर्ता, शेयरधनी, साहू वा सर्वसाधारणको हितमा प्रतिकुल असर पर्छ भन्ने बैङ्कलाई लागेमा त्यस्तो निर्णय लिई यथासम्भव छिटो सुनुवाईको मौका प्रदान गर्नु पर्नेछ र त्यसरी भएको सुनुवाईबाट

---

✤ दोस्रो संशोधनद्वारा संशोधित ।



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

बैङ्क सन्तुष्ट हुने कारण र आधार खुल्न आएमा सो निर्णयलाई आवश्यकता अनुसार परिवर्तन वा खारेज गर्न सकिनेछ ।

✂८६छ. फरफारखमा लैजान सक्नेः कुनै समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाउपर दफा ८६ग. बमोजिमको कारबाही चलाउँदा वा दफा ८६ङ. बमोजिमको सुधारात्मक उपाय अवलम्बन गर्दा वा दफा ८६च. बमोजिमको उपचारात्मक कार्य गर्दा समेत त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाले पूरा गर्नुपर्ने दायित्व पुरा गर्न असमर्थ भएको वा राम्रोसँग सञ्चालन हुन नसक्ने अवस्थामा पुगेको कुरामा बैङ्क विश्वस्त भएमा बैङ्कले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई परिच्छेद–९क. बमोजिम फरफारखको प्रक्रियामा लैजाने निर्णय गर्न सक्नेछ ।

📖८६ज. समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पूँजी घटाउन सक्नेः (१) कम्पनी ऐन तथा अन्य प्रचलित कानून वा समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ८६ग. को उपदफा (१) को खण्ड (ण) बमोजिम बैङ्कले समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिएपछि त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको चुक्ता पूँजी क्षय भएको वा शेयरधनीबाट चुक्ता हुनुपर्ने रकम चुक्ता नभएको वा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको दायित्व सम्पत्तिले नखाम्ने देखिएमा त्यसरी क्षय भएको वा सम्पत्तिले नखाम्ने हदसम्मको पूँजीको अंश रद्द गरी शेयर पूँजी घटाउन सक्नेछ ।

तर त्यसरी शेयर पूँजी घटाउनु अघि बैङ्कले सोको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा दुईपटक प्रकाशन गर्नु पर्नेछ ।

(२) ✂..............

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

📖 पहिलो संशोधनद्वारा थप ।

✂ दोस्रो संशोधनद्वारा झिकिएको ।



कानून व्यवसायी समिति

(३) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा शेयरको चुक्ता मूल्यको रकम भुक्तानी नगरेका शेयरधनीहरुको हकमा त्यस्तो रकम चुक्ता गर्न बैङ्कले तीस दिनको समयावधि दिनु पर्नेछ । त्यसरी सूचना जारी गर्दा माग गरिएको रकम चुक्ता नगर्ने शेयरधनीहरुको शेयर बैङ्कले रद्द गर्ने प्रक्रिया अगाडि बढाउन सक्नेछ र दामासाहीमा ❐वा फरफारखमा वा खारेजीमा परेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको शेयरको हकमा बैङ्कले त्यस्तो शेयर पूँजीको न्यूनतम मूल्य कायम गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम बैङ्कले समस्याग्रस्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको शेयर पूँजी घटाएमा वा उपदफा (३) बमोजिम शेयर रद्द गरेमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा सोही बमोजिम स्वतः संशोधन भएको मानिनेछ ।

🕮८६झ. बैङ्कको आदेश उपर पुनरावेदन गर्ने अधिकारः (१) दफा ८६ग., ८६घ., ८६ङ., ८६च. र ८६ज. बमोजिम बैङ्क वा बैङ्कबाट नियुक्त अधिकारीले गरेको कुनै कार्य, आदेश, निर्णय वा कारबाही उपर चित्त नबुझेमा त्यस्तो कार्य, आदेश, निर्णय वा कारबाही उपर पन्ध्र दिनभित्र समिति समक्ष पुनरावेदन गर्ने अधिकार त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाका शेयरधनीको प्रतिनिधिलाई मात्र हुनेछ ।

स्पष्टीकरणः यस दफाको प्रयोजनका लागि "शेयरधनीको प्रतिनिधि" भन्नाले तत्काल कायम रहेको चुक्ता पूँजीको कम्तीमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी शेयरधनीहरुले आफूमध्येबाट चुनेको ब्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र तत्काल कायम रहेको चुक्ता पूँजीको कम्तीमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व नहुने गरी परेको पुनरावेदन उपर सुनवाई हुनेछैन ।

---

❐ दोस्रो संशोधनद्वारा थप ।

🕮 पहिलो संशोधनद्वारा थप ।

(३) उपदफा (१) बमोजिम बैङ्क समक्ष पुनरावेदन परेकोमा सो पुनरावेदन प्राप्त गरेको मितिले तीस दिनभित्र समितिले सम्बद्ध प्रमाण, आधार र कारणहरु खुलाई बैङ्क वा बैङ्कले नियुक्त गरेको अधिकारीले गरेको कार्य, आदेश, निर्णय वा कारबाही, समर्थन, पुनरावलोकन वा बदर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गरिएको निर्णयको जानकारी समितिले पन्ध्र दिनभित्र सम्बन्धित शेयरधनीको प्रतिनिधिलाई दिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम बैङ्क वा बैङ्कले नियुक्त गरेको अधिकारीले गरेको कार्य, आदेश, निर्णय वा कारबाही समितिले बदर गरेकोमा बाहेक त्यस्ता काम कारबाहीहरु यथावत कायम रहनेछन् ।

(६) शेयरधनीको प्रतिनिधिको पुनरावेदन उपर उपदफा (३) बमोजिम समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

➔८६ञ. ..................

➔८६ट. ..................

➔८६ठ. ..................

➔८६ड. ..................

➔८६ढ. ..................

८७. <u>सूचना नेटवर्कको स्थापनाः</u> बैङ्कले नेपाल [2]........... को बैकिङ्ग तथा वित्तीय प्रणालीको सम्वर्द्धनको लागि तोकिए बमोजिम सूचना नेटवर्क स्थापना र सञ्चालन गर्नेछ ।

८८. <u>कर्जा सूचना केन्द्रको स्थापनाः</u> (१) बैङ्कले देहायको प्रयोजनको लागि एउटा कर्जा सूचना केन्द्रको स्थापना गर्न वा गराउन सक्नेछः–

---

➔ दोस्रो संशोधनद्वारा खारेज ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(क) कर्जा प्रवाहमा शुद्धता र उपयुक्तता कायम गर्न वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जाको सूचना प्राप्त गर्न,

(ख) खण्ड (क) बमोजिम प्राप्त सूचनालाई सोही खण्डमा उल्लिखित प्रयोजनको निमित्त वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरुको बीचमा आदान प्रदान गर्न,

(ग) समयमा कर्जा नतिर्ने वा कर्जाको दुरुपयोग गर्ने ऋणीहरुको नामावली अनिवार्य रुपमा केन्द्रलाई उपलब्ध गराउन,

(घ) बैङ्कले तोकेको सीमा भन्दा बढीको लगानी गर्नु वा कर्जा दिनुअघि केन्द्रबाट अनिवार्य रुपमा सूचना लिन,

(ङ) खण्ड (ग) बमोजिम प्राप्त नामावलीलाई केन्द«ले यकिन गरी कालो सूचीमा राख्न तथा सो सम्बन्धमा आवश्यक कारबाही गर्न, र

(च) प्रत्येक वाणिज्य बैङ्क वा वित्तीय संस्थाले यस्तो सूचना आदान प्रदान गरे, नगरेको तथा त्यस्तो सूचना अनुरुप ऋण लगानी गर्ने गरे, नगरेको बारे निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गरी बैङ्कलाई प्रतिवेदन पेश गर्न ।

(२) बैङ्कले उपदफा (१) मा उल्लिखित कार्यलाई तोकिए बमोजिम नियमित तथा व्यवस्थित गर्नेछ ।

❐परिच्छेद–९क.

<u>फरफारख सम्बन्धी व्यवस्था</u>

८८क. <u>फरफारखको कार्य गर्न सक्ने बैङ्कको अधिकारः</u> (१) बैङ्कले देहायको कुनै अवस्थामा कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिई फरफारखको कार्य अगाडि बढाउन सक्नेछः–

❐ दोस्रो संशोधनद्वारा थप ।

(क) पूर्ण वा आंशिक रुपमा आफ्नो दायित्व भुक्तानी गर्न नसकेमा,

(ख) सुपरिवेक्षकीय विश्लेषणका आधारमा सो विश्लेषण सम्बन्धी कार्य समाप्त भएको मितिले नब्बे दिनभित्र भुक्तानी गर्नुपर्ने दायित्वहरु पुरा गर्न नसक्ने अवस्था भएमा,

(ग) खुद सम्पत्ति भन्दा दायित्व बढी भएमा,

(घ) बैङ्कले तोकेका सबै प्रकारका पूँजी तथा कोषहरुले समेत खाम्न नसक्ने गरी घाटामा गएमा,

(ङ) बैङ्कले दफा ८६छ. बमोजिम फरफारखको प्रक्रियामा लैजाने निर्णय गरेमा ।

(२) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर रहेको निक्षेपकर्ता तथा सुरक्षित साहुको दाबीलाई फरफारख गर्ने गराउने अधिकार बैङ्कलाई मात्र हुनेछ ।

(३) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख सम्बन्धी कार्य गर्दा लागेको सम्पूर्ण खर्च सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति बिक्री गरी प्राप्त रकमबाट व्यहोरिने छ ।

८८ख. विशेष प्रशासन समूहको गठन सम्बन्धी व्यवस्थाः (१) दफा ८८क. बमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारखको कार्य अगाडि बढाउने निर्णय भएमा बैङ्कले सो प्रयोजनका लागि तोकिए बमोजिमको योग्यता पुगेका व्यक्तिहरु मध्येबाट बढीमा तीन जना व्यक्ति रहेको विशेष प्रशासन समूह गठन गरी सो मार्फत सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफ्नो नियन्त्रणमा लिई फरफारखको कार्य अगाडि बढाउन सक्नेछ ।

(२) बैङ्कले विशेष प्रशासन समूहका सबै वा कुनै सदस्यको काम सन्तोषजनक नभएमा निजलाई तोकिए बमोजिम पदमुक्त गर्न सक्नेछ ।

कानून तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (२) बमोजिम पदमुक्त गर्नुअघि निजलाई मनासिब माफिकको समय दिई सुनुवाइको मौका दिनु पर्नेछ ।

(४) बैङ्कले फरफारख सम्बन्धी कार्य सम्पन्न नहुँदै विशेष प्रशासन समूहका सदस्यलाई पदमुक्त गरेमा सो स्थानमा तोकिए बमोजिमको योग्यता पुगेका व्यक्तिलाई बाँकी अवधिका लागि नियुक्त गर्न सक्नेछ ।

(५) विशेष प्रशासन समूहका सदस्यको पारिश्रमिक कार्य सम्पादनसँग आबद्ध हुने गरी तोकिए बमोजिम हुनेछ ।

८८ग. विशेष प्रशासन समूहको काम, कर्तव्य तथा अधिकारः (१) विशेष प्रशासन समूहलाई सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको साधारणसभा, सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीले प्रयोग गर्न पाउने सम्पूर्ण अधिकार हुनेछ ।

(२) उपदफा (१) को अधीनमा रही विशेष प्रशासन समूहलाई सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको चल, अचल सम्पत्तिको व्यवस्थापन गर्ने, कुनै सम्पत्ति तथा दायित्व फरफारख गर्ने तथा सो वाणिज्य बैङ्क वा वित्तीय संस्था सञ्चालन गर्ने सम्बन्धमा देहायका अधिकार हुनेछः–

(क) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको बिक्री हुन बाँकी पूरै वा आंशिक शेयर नयाँ व्यक्तिलाई बिक्री गर्ने,

(ख) कुनै कारोबार सञ्चालन गर्न एवं प्रणालीगत दृष्टिकोणले नियमित रुपमा सञ्चालन गर्न सकिने खास कार्य गर्न अन्य कुनै संस्थालाई जिम्मा दिने वा त्यस्तो कार्य सञ्चालन गर्नको लागि केही समयको लागि छुट्टै पूल संस्था (ब्रीज इन्ष्टिच्यूसन) वा एकाइ स्थापना गर्ने,

(ग) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्था वा सो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै सहायक कम्पनीको कुनै वा सबै कारोबार वा सम्पत्ति बिक्री गर्ने,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको अन्य कुनै व्यक्ति वा संस्थामा रहेको सम्पत्ति वा हक अधिकार बिक्री गर्ने ।

(३) विशेष प्रशासन समूहलाई फरफारखको प्रक्रियामा रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सम्बन्धमा देहाय बमोजिमको अन्य अधिकार समेत हुनेछः–

(क) फरफारखको काम कारबाही अगाडि बढाउन विशेष प्रशासन समूहले आफूले आवश्यक ठानेका कागजात सम्बन्धित व्यक्तिबाट पेश गर्न लगाउने,

(ख) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले जारी गरेका शेयर वा अन्य उपकरणको स्वामित्व हस्तान्तरण गर्ने वा गर्न लगाउने,

(ग) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको निश्चित अधिकार, सम्पत्ति वा दायित्व अर्को व्यक्तिमा हस्तान्तरण गर्ने,

(घ) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले जारी गरेका शेयर वा अन्य उपकरणलाई खारेज गर्ने,

(ङ) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले जारी गरेका वा त्यसको कुनै वा सबै शेयरधनीले धारण गरेको शेयर वा अन्य स्वामित्व सम्बन्धी उपकरण तोकिए बमोजिमको आधारमा अन्य कुनै व्यक्तिको नाममा नामसारी गर्ने,

(च) अग्राधिकार शेयर वा पूँजी सम्बन्धी अन्य उपकरण जारी गर्ने,

(छ) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति संरक्षण र हेरचाह गर्न आवश्यक देखिएका सबै कदमहरु चाल्ने ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) यस दफा बमोजिम वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख सम्बन्धी कार्य गर्दा विशेष प्रशासन समूहले देहायको कार्य गर्न आवश्यकपर्ने छैनः–

(क) फरफारखको प्रक्रियामा रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाका शेयरधनी, निक्षेपकर्ता वा साहु लगायतका सार्वजनिक वा निजी क्षेत्रका कुनै व्यक्तिहरुको पूर्व स्वीकृति लिन,

(ख) यस परिच्छेदमा अन्यथा उल्लेख भएकोमा बाहेक कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सूचित गर्न ।

(५) विशेष प्रशासन समूहले यस ऐन बमोजिमको फरफारख सम्बन्धी कार्य प्रारम्भ गरेको एक वर्षभित्र सम्पन्न गरिसक्नु पर्नेछ ।

तर विशेष प्रशासन समूहले गरिरहेका फरफारखसँग सम्बन्धित कुनै कार्य तोकिएको समयमा सम्पन्न हुन नसकेमा आवश्यकता र औचित्यताको आधारमा बैङ्कले विशेष प्रशासन समूहको कार्यावधि थप गर्न सक्नेछ ।

(६) विशेष प्रशासन समूहले सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको तर्फबाट देहायका कुनै वा सबै कार्यहरु समेत गर्न सक्नेछः–

(क) निक्षेप संकलन गर्ने तथा कुनै पनि कर्जा प्रदान गर्ने बाहेक वाणिज्य बैङ्क वा वित्तीय संस्थाले गरिरहेका अन्य काम कारबाहीलाई निरन्तरता प्रदान गर्न,

(ख) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले गरिआएका कुनै काम कारबाही स्थगित वा बन्द गर्न,

(ग) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति धितो राखी वा नराखी कर्जा लिन,

(घ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको दायित्वको भुक्तानी रोक्न वा सोका लागि सीमा निर्धारण गर्न,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको लागि आवश्यक पदाधिकारी, कर्मचारी वा व्यवसायिक सल्लाहकारलाई नियुक्त गर्न वा बर्खास्त गर्न,

(च) विशेष प्रशासन समूहले आवश्यक ठानेको विषयमा छलफल तथा निर्णय गर्ने प्रयोजनको लागि निक्षेपकर्ता तथा साहुहरुको सभा बोलाउन,

(छ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नामबाट कुनै कानूनी प्रतिरक्षा गर्न, वा

(ज) फरफारखसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न वा गराउन ।

(७) विशेष प्रशासन समूहलाई सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्था तथा सोका सहायक कम्पनीको कार्यालय, बहिखाता, अभिलेख, सम्पत्ति तथा सूचना प्रविधि प्रणाली माथि पहुँच राख्ने तथा नियन्त्रण गर्ने पूर्ण अधिकार हुनेछ ।

(८) विशेष प्रशासन समूहले आफ्नो नियन्त्रणमा रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको पूरै वा मुख्य सम्पत्ति अन्य कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा गाभ्ने वा अर्को कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति प्राप्त गरी एक आपसमा गाभिन उपयुक्त ठानेमा सो सम्बन्धमा प्रचलित कानून बमोजिम प्रस्ताव सहितको निवेदन बैङ्कमा पेश गर्नु पर्नेछ । यसरी प्रस्ताव सहितको निवेदन प्राप्त भएपछि बैङ्कले त्यस्तो निवेदनलाई स्वीकार वा अस्वीकार गर्ने सम्बन्धी निर्णय लिनु पर्नेछ ।

(९) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय स्थितिका आधारमा उपलब्ध रकममध्ये फरफारखको प्रक्रियामा लाग्ने अनुमानित खर्च तथा प्रचलित कानून बमोजिमका अन्य खर्चका लागि आवश्यक पर्न सक्ने रकमको विवरण तयार गरी परिपक्व भैसकेको निक्षेप दायित्वको भुक्तानी गर्न उपलब्ध हुन सक्ने रकम मध्येबाट सो दायित्व बापतको रकम एकैपटक वा किस्ताबन्दीमा फिर्ता गर्ने वा भुक्तानी गर्ने व्यवस्था मिलाउनु

पर्नेछ । यसरी भुक्तानी गर्दा एकै वर्गका निक्षेपकर्ता तथा साहुहरुलाई समान व्यवहार गर्नु पर्नेछ ।

(१०) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर निक्षेपकर्ता र साहुले पेश गरेका दाबीको वैधता निर्धारण, दाबी भुक्तानी, दायित्व निर्धारण तथा ग्राहकको व्यक्तिगत सम्पत्ति फिर्ता गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(११) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रशासन समूहले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति बिक्री गर्दा तोकिए बमोजिमका आधारमा न्यूनतम मूल्य निर्धारण गरी लिलाम, सिलबन्दी प्रस्ताव, वार्ता जस्ता एक वा एकभन्दा बढी तरिकाबाट पारदर्शी र व्यावसायिक दृष्टिकोण राखी बिक्री गर्न सक्नेछ ।

(१२) विशेष प्रशासन समूहले वाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय विवरण, सो संस्थाको सम्पत्ति बिक्रीको योजना र सो सम्बन्धमा आफ्नो दृष्टिकोण, सो संस्थाको दायित्वको पूर्वानुमान वा सोको भुक्तानीको तरिका, सम्पत्तिको वास्तविक हस्तान्तरण र दायित्वको अनुमान सहितको विवरण तोकिए बमोजिम समय समयमा बैङ्क समक्ष पेश गर्नु पर्नेछ ।

(१३) विशेष प्रशासन समूहले सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नयाँ शेयर जारी गर्न, सम्पत्ति बिक्री गर्न, धितोपत्रिकरण (सेक्यूरिटाइजेशन) को लागि सम्पत्ति एकीकृत गर्न, दायित्वको पूर्वानुमान गर्ने व्यवस्था गर्न वा त्यस्ता कार्यहरुको व्यवस्थापन गर्न आवश्यक ठानेमा प्रचलित कानून बमोजिम सम्पत्ति व्यवस्थापन सम्बन्धी कार्य गर्न स्थापित कुनै निकाय वा कम्पनीलाई सो कार्य गर्ने जिम्मा दिन सक्नेछ । त्यस्ता निकाय वा कम्पनीलाई सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको निष्क्रिय कर्जा, मूल्याङ्कन गर्न कठिन सम्पत्ति तथा दायित्व बिक्री गर्ने अधिकार समेत हस्तान्तरण गर्न सक्नेछ ।

८८घ. <u>फरफारखको अवधिभर अधिकार स्वतः निलम्बन हुने:</u> (१) फरफारखको प्रक्रियामा रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, प्रमुख

कार्यकारी अधिकृत र अन्य पदाधिकारीको अधिकार फरफारखको अवधिभर स्वतः निलम्बन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष प्रशासन समूहले तोकेका कार्यहरु गर्नको लागि सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीहरुमध्ये सबै वा कसैको निलम्बन फुकुवा गरी फरफारख सम्बन्धी काममा खटाउन सक्नेछ ।

(३) विशेष प्रशासन समूहले उपदफा (२) बमोजिम काममा खटिन दिएको निर्देशनको पालना नगर्ने व्यक्तिलाई कुनै पनि समयमा बर्खास्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम बर्खास्त भएको व्यक्तिले त्यस्तो बैङ्क वा वित्तीय संस्थाबाट कुनै पारिश्रमिक तथा सुविधा पाउने छैन ।

८८ङ. फरफारख सम्बन्धी कार्यको सूचना र दर्ताः (१) विशेष प्रशासन समूहले फरफारख सम्बन्धी कार्य प्रारम्भ गरेको दुई दिनभित्र देहायको विवरण सहितको सूचना सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको प्रत्येक कार्यालयलाई दिनु पर्नेछः–

(क) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई आफूले नियन्त्रणमा लिई काम शुरु गरेको मिति र समय,

(ख) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको आर्थिक कारोबार गर्ने वा सोको व्यवस्थापन गर्ने वा सो सम्बन्धी निर्देशन दिने साविकको अख्तियार प्राप्त व्यक्तिको अख्तियारी तथा जिम्मेवारी खारेज गरिएको व्यहोरा,

(ग) निक्षेपकर्ताले सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थामा रहेको आफ्नो निक्षेप र तोकिएको बीमा तथा सुरक्षण रकमभन्दा बढी रहेको आफ्नो दाबी प्रस्तुत गर्ने तरिका, समय र स्थान,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) निक्षेपकर्ताले बीमा र सुरक्षण भएको आफ्नो निक्षेप फिर्ता पाउने तरिका, समय र स्थान, र

(ङ) सुरक्षित साहुले वाणिज्य बैङ्क वा वित्तीय संस्थाबाट प्राप्त गर्नुपर्ने दाबी प्रस्तुत गर्ने तरिका, समय र स्थान ।

(२) उपदफा (१) बमोजिमका विवरण सहितको सूचना सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सरोकारवालाले जानकारी प्राप्त गर्ने गरी सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ । यस्तो सूचनालाई प्रत्येक हप्ता प्रकाशन हुने गरी चार हप्तासम्म राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशन गर्नु पर्नेछ ।

(३) विशेष प्रशासन समूहले सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्था फरफारखको प्रक्रियामा गएको अवस्था र सो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको अख्तियार प्राप्त अधिकारी तथा निजको अख्तियारीमा भएको परिवर्तन सम्बन्धी जानकारी बैङ्क, कम्पनी रजिष्ट्रारको कार्यालय, सम्बन्धित धितोपत्र विनिमेय बजार र प्रचलित कानून बमोजिम निक्षेप सुरक्षण गर्न स्थापित संस्था र अन्य सम्बन्धित निकायमा समेत अभिलेखका लागि पठाउनु पर्नेछ ।

८८च. <u>नयाँ वासलात तयार गर्नु पर्नेः</u> (१) विशेष प्रशासन समूहले दफा ८८क. बमोजिम फरफारखको प्रक्रियामा गएको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको वास्तविक वित्तीय स्थिति देखिने गरी देहायका आधारमा नयाँ वासलात तयार गर्नु पर्नेछः–

(क) सम्पत्तिको खुद प्राप्त हुने मूल्यको आधारमा,

(ख) दफा ८८झ. बमोजिम प्राथमिकताका आधारमा वितरण गर्नुपर्ने दायित्वको मूल्यलाई समेत समायोजन गरेर ।

(२) उपदफा (१) बमोजिम नयाँ वासलात तयार गर्दा दायित्व निर्धारण गर्ने तरिका तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम तयार गरिएको वासलात र सो सम्बन्धी विस्तृत विवरण बैङ्क समक्ष तोकिए बमोजिम पेश गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

८८छ. <u>वाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय स्थिति सुधारको लागि सिफारिस गर्न सक्नेः</u> (१) यस परिच्छेद बमोजिम कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्बन्धमा शुरु भएको फरफारखको प्रक्रिया सम्पन्न गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असरपर्ने देखिएमा विशेष प्रशासन समूहले सोही व्यहोरा उल्लेख गरी सो अवस्था सिर्जना हुन नदिनका लागि त्यस्तो संस्थाको सम्पत्ति तथा दायित्वको अवस्था समेत समावेश गरी भविष्यमा चाल्नुपर्ने कदम सहितको प्रतिवेदन तयार गरी बैङ्क समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि बैङ्कले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख गर्दा समग्र वित्तीय स्थायित्व वा प्रणालीमा नकारात्मक असरपर्ने देखिन आएमा र नेपाल सरकारले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थामा लगानी गरेमा वित्तीय स्थिति सुधार हुन सक्ने अवस्था देखिएमा बैङ्कले आफ्नो राय सहित सोही व्यहोरा नेपाल सरकार समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिम बैङ्कको सिफारिसमा नेपाल सरकारले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा लगानी गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको वित्तीय स्थिति सुधार भएमा सुधार भएको मितिले बढीमा पाँच वर्षभित्र बोलकबोलको माध्यमद्वारा नेपाल सरकारले आफ्नो लगानी भएको रकम निजी क्षेत्रलाई बिक्री गरी उठाउनु पर्नेछ ।

८८ज. <u>पुल संस्था (ब्रीज इन्ष्टिच्यूसन) वा एकाइ स्थापना गर्न सकिनेः</u> (१) दफा ८८ग. को उपदफा (२) को खण्ड (ख) बमोजिम पुल संस्था वा एकाइ स्थापना गरी वा तोकी फरफारख सम्बन्धी कार्य सञ्चालन गर्न उपयुक्त हुने देखिएमा विशेष प्रशासन समूहले बैङ्क समक्ष अनुरोध गर्न सक्नेछ । त्यस्तो अनुरोध मनासिब देखिएमा बैङ्कले त्यस्तो पुल संस्था वा एकाइ स्थापना गरी वा तोकी फरफारख सम्बन्धी कार्य गर्न अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित संस्था वा एकाइलाई सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको अधिकार, दायित्व, सम्पत्ति

तथा त्यस्तो संस्थाले प्राप्त गरेको कुनै भुक्तानी, समाशोधन वा फस्यौट प्रणालीको सदस्यता समेत रहेको मानिनेछ ।

(३) उपदफा (१) बमोजिम स्थापित संस्था वा एकाइका शेयरधनी, साहु वा कुनै अन्य व्यक्तिलाई सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति वा अधिकारमा कुनै किसिमको अधिकार हुने छैन ।

(४) पुल संस्था वा एकाइको काम, कर्तव्य र अधिकार तथा त्यस्तो संस्था वा एकाइका पदाधिकारीले पाउने पारिश्रमिक र सुविधा बैङ्कले तोके बमोजिम हुनेछ ।

(५) पुल संस्था वा एकाइ वा अन्य कुनै संस्थामा सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति तथा दायित्व हस्तान्तरण गर्नका लागि देहायको कुनै कुरा आवश्यकपर्ने छैनः–

(क) साहु वा कुनै सम्बद्ध पक्षको सहमति लिन,

(ख) प्रचलित कम्पनी तथा धितोपत्र सम्बन्धी कानूनले तोकेको प्रक्रिया पूरा गर्न, वा

(ग) सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्था पक्ष रहेको कुनै करारमा तोकिएको प्रक्रिया पूरा गर्न ।

८८झ. <u>भुक्तानीको प्राथमिकताक्रमः</u> (१) फरफारखको प्रक्रियामा रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति बिक्रीबाट प्राप्त रकम निक्षेपकर्ता, साहु र विशेष प्रशासन समूहले मूल्याङ्कन गरी भुक्तानी गर्नुपर्ने देखिएका अन्य व्यक्तिहरुलाई भुक्तानी गर्ने तथा रकम छुट्याउने कार्य देहाय बमोजिमको प्राथमिकताका आधारमा गर्नु पर्नेछः–

(क) यस ऐनको व्यवस्थाको कार्यान्वयनका लागि बैङ्क तथा विशेष प्रशासन समूहले गरेका खर्च, कर्मचारीको पारिश्रमिक र सुविधा बापतको खर्च, सो सम्बन्धमा काममा लगाइएका पेशागत व्यवसायीको शुल्क तथा

अन्य सम्बद्ध खर्च लगायत फरफारखको प्रक्रियामा गरेको आवश्यक खर्च,

(ख) निक्षेपकर्ताको कुल स्वीकृत दाबी रकमको सीमामा नबढ्ने गरी प्रचलित कानून बमोजिम भएका निक्षेप बीमा सुरक्षण सम्मको रकम वा त्यस्तो निक्षेप रकम कानून बमोजिम स्थापना भएको निक्षेप बीमा सुरक्षण गर्ने संस्थाले निक्षेपकर्तालाई भुक्तानी गरेको भए सो बराबरको रकम,

(ग) खण्ड (ख) बमोजिम भुक्तानी भई बाँकी हुन आएको निक्षेप,

(घ) कानून बमोजिम सुरक्षित साहुको रुपमा मान्यता प्राप्त व्यक्तिहरुको स्वीकृत दाबी ।

(२) उपदफा (१) मा उल्लिखित क्रम अनुसार भुक्तानी गर्दा कुनै वर्गको स्वीकृत दाबीको रकम भुक्तानी गर्न अपर्याप्त भएमा समान वर्गका दाबीकर्ताहरुलाई समानुपातिक रुपमा रकम वितरण गर्नु पर्नेछ ।

(३) निक्षेपकर्ता वा सुरक्षित साहुहरुलाई दाबीको भुक्तानी गर्दा राष्ट्रियता, बसोबासको स्थान वा क्षेत्राधिकार जस्ता कुनै पनि आधारमा भेदभाव नगरी समान रुपले भुक्तानी गर्नु पर्नेछ ।

(४) समयमै दाबी पेश गर्ने सुरक्षित साहुहरुको स्वीकृत दाबी सुरक्षणमा रहेको सम्पत्तिको बिक्रीबाट प्राप्त रकमले खामेसम्म पहिलो प्राथमिकतामा राखी भुक्तानी गर्नु पर्नेछ । त्यस्तो सुरक्षणले नखामेको दाबी अन्य साहुहरुको दाबी सरह हुनेछ ।

(५) दफा ८८ठ. को उपदफा (४) बमोजिम सिर्जना हुन सक्ने आर्थिक क्षतिपूर्ति सम्बन्धी दायित्व बहन गर्ने प्रयोजनका लागि विशेष प्रशासन समूहले त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्ति बिक्रीबाट प्राप्त भएको रकमको दुई प्रतिशत रकम छुट्टै खाता खडा गरी जम्मा गर्नु पर्नेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

(६) निक्षेपकर्ता तथा सुरक्षित साहुहरुलाई भुक्तानी गरी उपदफा (५) बमोजिम रकम छुट्याइएपछि बाँकी हुन आउने रकम प्रचलित कानून बमोजिम तिर्नु बुझाउनुपर्ने कर, दस्तुर, शुल्क सो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको अन्य साहु वा स्वीकृत दाबीकर्ताहरु तथा शेयरधनी वा अन्य प्रकारले स्वामित्व ग्रहण गरेका व्यक्तिहरुलाई दफा ८८ण. को उपदफा (३) बमोजिम नियुक्त लिक्विडेटरले प्रचलित कानून बमोजिम तोकिएको प्राथमिकताका आधारमा समानुपातिक रुपमा वितरण गर्नु पर्नेछ ।

८८ञ. <u>विशेष प्रशासन समूहले बैङ्क वा वित्तीय संस्था नियन्त्रणमा लिएपछिको असरः</u> (१) विशेष प्रशासन समूहले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्था आफ्नो नियन्त्रणमा लिएपछि दफा ८८झ. बमोजिम भुक्तानी प्राप्त गर्न नसक्ने सो संस्थाका निक्षेपकर्ता तथा साहुहरुको दाबी र कुनै लेनाको सम्बन्धमा उक्त संस्थाको सम्पत्ति माथिको अधिकार कायम गर्ने कुनै पनि कार्य स्वतः स्थगन हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समाशोधन, भुक्तानी र फर्स्यौट प्रणालीमा संलग्न व्यक्तिसँगको कारोबार तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी कार्य र फरफारखको प्रक्रियासँग सम्बन्धित नभएका काम कुराहरु स्थगन भएको मानिने छैन ।

(३) वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई फरफारखको प्रक्रियामा लैजाने प्रयोजनको लागि विशेष प्रशासन समूह गठन हुनुभन्दा छ महिना अगावै त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था उपर कुनै दायित्व वा सुरक्षणको अधिकार सिर्जना भएकोमा बाहेक त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कुनै सम्पत्ति, दायित्व वा सुरक्षण उपर कसैको अधिकार सिर्जना भएको मानिने छैन ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि फरफारखको प्रक्रिया चलिरहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्तिमाथि विशेष प्रशासन समूहले सिर्जना गरेको कुनै प्रकारको दायित्व वा सुरक्षणलाई बाधा पुऱ्याएको मानिने छैन ।

(५) विशेष प्रशासन समूह गठन भएपछि सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको शेयरधनी वा अन्य कुनै प्रकारको स्वामित्व रहेका व्यक्तिको सम्पूर्ण अधिकार फरफारखको प्रक्रिया समाप्त नभएसम्म स्वतः निष्क्रिय हुनेछ ।

(६) विशेष प्रशासन समूह गठन भई फरफारखको प्रक्रियामा रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको हकमा धितोपत्र सम्बन्धी प्रचलित कानूनमा रहेका व्यवस्था लागू हुने छैन ।

८८ट. <u>फरफारख सम्बन्धी कारबाही प्रारम्भ हुनुभन्दा पहिलेका कारबाही निष्क्रिय हुने:</u> (१) विशेष प्रशासन समूहले देहायको अवस्थामा वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्पत्तिमा प्रभाव पार्ने कारोबार वा तेस्रो पक्षसँग सम्बन्धित हस्तान्तरणलाई निष्क्रिय गर्न सक्नेछः–

(क) फरफारखको प्रक्रिया शुरु हुनुअगावै सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाका निक्षेपकर्ता वा साहुको हित विपरीत हुने गरी गरेका कारोबार वा सम्झौताहरु,

(ख) फरफारखको प्रक्रिया शुरु भएको मितिले पाँच वर्ष अगाडिसम्म कुनै शेयरधनी, सञ्चालक, पदाधिकारी वा तिनका नातेदारहरुलाई वाणिज्य बैङ्क वा वित्तीय संस्थाले बिना मूल्य गरेका कुनै पनि हस्तान्तरणहरु,

(ग) फरफारखको प्रक्रिया शुरु भएको मितिले तीन वर्ष अगाडिसम्म कुनै तेस्रो पक्षलाई वाणिज्य बैङ्क वा वित्तीय संस्थाले बिना मूल्य गरेका कुनै पनि हस्तान्तरणहरु,

(घ) फरफारखको प्रक्रिया शुरु भएको मितिले तीन वर्ष अगाडिसम्म वाणिज्य बैङ्क वा वित्तीय संस्थाले तुलनात्मक रुपमा कम प्रतिफल प्राप्त गर्ने वा अर्को पक्षलाई बढी प्रतिफल दिने किसिमले सम्पन्न गरेका कारोबारहरु,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ङ) फरफारखको प्रक्रिया शुरु भएको मितिले पाँच वर्ष अगाडिसम्म वाणिज्य बैङ्क वा वित्तीय संस्थाका निक्षेपकर्ताको हित विपरीत हुने वा अधिकार हनन् हुने गरी गरिएको कुनै कार्य,

(च) फरफारखको प्रक्रिया शुरु भएको मितिले छ महिना अगाडिसम्म सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले भुक्तानी गर्नुपर्ने कर्जा बापत कुनै व्यक्तिलाई फाईदा पुऱ्याउने उद्देश्यले वा खारेजीको प्रक्रियामा साहुले प्राप्त गर्ने रकम बढाउने उद्देश्यले निजको नाममा भएको सम्पत्ति हस्तान्तरण ।

तर प्रति निक्षेप बिमा र सुरक्षणले खामेसम्मको रकम ननाघ्ने गरी गरिएको निक्षेप बापतको भुक्तानीका सम्बन्धमा यो खण्डको व्यवस्था आकर्षित हुने छैन ।

(२) विशेष प्रशासन समूहले फरफारखको प्रक्रिया शुरु भएको मितिले एक वर्ष अगाडिसम्म वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक, पदाधिकारी वा निजका नजिकको नातेदारसँग संस्थाको निक्षेपकर्ता तथा साहुको हित विपरीत हुने गरी गरिएका कारोबार बदर गर्न वा तिनीहरुबाट सो बापतको रकम असूल गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले आफ्नो सामान्य कारोबारको सिलसिलामा गरेका वा उचित र पर्याप्त मूल्य आदान प्रदान भएका वा त्यस्तो संस्था फरफारखमा जानु अगाडिसम्म भुक्तानी नभएका कारोबारलाई विशेष प्रशासन समूहले बदर गर्ने छैन ।

(४) उपदफा (१) र (२) बमोजिम बदर गरिएका कारोबार वा हस्तान्तरणबाट सम्पत्ति प्राप्त गर्ने व्यक्तिले त्यस्तो सम्पत्ति अविलम्ब फिर्ता गर्नु पर्नेछ । सम्पत्ति प्राप्त गर्ने व्यक्तिसँग त्यस्तो सम्पत्ति नरहेको अवस्थामा सो सम्पत्तिको मूल्य बराबरको रकम सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थामा जम्मा गर्नु पर्नेछ । कुनै गलत मनसायले त्यस्तो

कारोबार गर्ने तथा कारोबार बदर भएपछि सम्पत्ति वा सो बराबरको मूल्य सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थामा अविलम्ब फिर्ता नगर्ने व्यक्तिको हकमा निज उपर सुरक्षित साहु सरह दाबी कायम रहनेछ ।

(५) विशेष प्रशासन समूहले सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाबाट अस्वभाविक रूपले कम मूल्यमा कुनै व्यक्तिलाई हस्तान्तरण भई त्यस्तो व्यक्तिबाट समेत तेस्रो पक्षमा हस्तान्तरण भएको कुनै सम्पत्तिको हकमा सोको लागत मूल्य दिई फिर्ता लिन सक्नेछ ।

(६) विशेष प्रशासन समूहले फरफारखको प्रक्रिया सञ्चालन गर्दा कुनै पनि किसिमको चल अचल सम्पत्ति वा हक हस्तान्तरण गर्न सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ । यसरी विशेष प्रशासन समूहले लेखी पठाएकोमा सम्बन्धित निकायले त्यस्तो चल अचल सम्पत्ति वा हक सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको नाममा दाखिल खारेज वा हस्तान्तरण गरिदिनु पर्नेछ ।

(७) कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा फरफारखको लागि विशेष प्रशासन समूह गठन भई प्रक्रियामा रहेको अवस्थामा कसैले सो अगावै प्रदान गरेका विद्युत, पानी, टेलिफोन, घरजग्गा, सवारी साधन जस्ता अन्य वस्तु तथा सेवा बापतको रकम प्राप्त नगरेको कारणले मात्र त्यस्तो वस्तु तथा सेवा बन्द गर्न गराउन हुँदैन । त्यसरी प्राप्त वस्तु तथा सेवाको भुक्तानीको हकमा विशेष प्रशासन समूहले फरफारखको प्रक्रियामा जानु अघि कायम रहेको वक्यौता रकम सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी गर्नु पर्नेछ ।

८८ठ. <u>फरफारख सम्बन्धी अन्य व्यवस्थाः</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि फरफारखको प्रक्रियामा रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थासँग सम्बन्धित सबै दाबीहरुका सम्बन्धमा यसै ऐन बमोजिम हुनेछ ।

(२) विशेष प्रशासन समूहको पहुँच र नियन्त्रणको अधिकारमा कसैले बाधा अवरोध, दखल वा हस्तक्षेप गर्नु गराउनु हुँदैन । कसैले त्यस्तो कार्य गरे गराएमा विशेष प्रशासन समूहले सम्बन्धित प्रशासन वा

प्रहरीलाई आवश्यक सहयोगको लागि अनुरोध गर्न सक्नेछ । त्यसरी अनुरोध भई आएमा सम्बन्धित निकायले आवश्यक सुरक्षाको व्यवस्था गरी त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कार्यालय, सम्पत्ति, अभिलेख, बहिखाता र सूचना प्रविधि प्रणाली माथि विशेष प्रशासन समूहको पहुँच र नियन्त्रण कायम गर्न सहयोग गर्नु पर्नेछ ।

(३) यस परिच्छेद बमोजिम विशेष प्रशासन समूह वा बैङ्कले गरेको काम कारबाहीमा मर्कापर्ने कुनै पक्षले क्षतिपूर्तिको लागि विशेष प्रशासन समूहले बैङ्कमा प्रतिवेदन पेश गरेको वा कुनै कारणले विशेष प्रशासन समूह विघटन भएकोमा विघटन भएको मितिले साठी दिनभित्र अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(४) अदालतले देहायको अवस्थामा मर्कापर्ने पक्षलाई मनासिब माफिकको आर्थिक क्षतिपूर्ति भराई दिन सक्नेछः–

(क) फरफारखको क्रममा अधिकार क्षेत्र नाघी गरेको कुनै काम कारबाही भएकोमा,

(ख) यस ऐन बमोजिम फरफारखको प्रक्रिया पूरा नगरेकोमा,

(ग) फरफारखको कारबाही गर्दा पर्याप्त आधार र कारण बिना गरेकोमा ।

(५) विशेष प्रशासन समूहले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा पारदर्शी एवं न्यायोचित तवरले सम्बन्धित निक्षेपकर्ता तथा अन्य दाबीकर्ताको हित हुने गरी गर्नु पर्नेछ ।

(६) फरफारखको प्रक्रियाको सिलसिलामा बैङ्क वा विशेष प्रशासन समूहको प्रतिनिधित्व गर्ने वा निजलाई सहयोग गर्ने व्यक्तिले प्राप्त गर्ने पारिश्रमिक तथा सुविधा बैङ्कले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) फरफारखको प्रक्रियालाई सहयोग पुग्ने गरी बैङ्क वा विशेष प्रशासन समूहको निर्णय कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक तथा पदाधिकारीले गरेको कुनै कार्यका



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

विरुद्धमा कुनै निक्षेपकर्ता, शेयरधनी वा साहुले कुनै किसिमको मुद्दा मामिला गर्न पाउने छैन ।

(८) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बैङ्कले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारख प्रक्रियाको सम्बन्धमा सो संस्थासँग सम्बन्धित सूचना एवं विवरणहरु कुनै सरकारी वा निजी क्षेत्रको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट प्राप्त गर्न सक्नेछ । बैङ्कले आदेश दिएमा कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको मुख्य व्यवस्थापकीय सूचना, प्रविधि रहने स्थान तथा सो संस्थाले गर्ने संवेदनशील एवं मुख्य कार्य सहितको विवरण बैङ्क समक्ष पेश गर्नु पर्नेछ । त्यसरी बैङ्कले मागेको कुनै पनि सूचना प्रदान गर्नु सम्बन्धित व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कर्तव्य हुनेछ ।

८८ड. <u>फरफारख सम्बन्धी कार्यको अन्तिम विवरण पेश गर्नुपर्ने:</u> (१) विशेष प्रशासन समूहले फरफारख सम्बन्धी कार्य सम्पन्न गरेपछि वा त्यस्तो समूहको म्याद समाप्त भएपछि वा कुनै कारणले सो समूह विघटन भएको पन्ध्र दिनभित्र निजले आफूले सम्पन्न गरेको काम कारबाही एवं सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको आम्दानी र खर्चको विवरण, वित्तीय कारोबारको श्रोत एवं सोको उपयोग सम्बन्धी विवरण लगायत बाँकी सम्पत्ति र दायित्वको विवरण तयार गरी परीक्षण गराई सो समेत समावेश गरिएको प्रतिवेदन बैङ्क समक्ष पेश गर्नु पर्नेछ । त्यस्तो प्रतिवेदनमा सो संस्थाका सन्दर्भमा भविष्यमा बैङ्कले चाल्नुपर्ने कदमहरुको सम्बन्धमा आवश्यक सुझाव समेत समावेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि बैङ्कले सो प्रतिवेदनमा उल्लिखित सुझाव समेतलाई विचार गरी दफा ८८छ. बमोजिम उक्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालनको व्यवस्था मिलाउने वा दफा ८८ण. बमोजिम खारेजीको लागि अदालतमा निवेदन दिने विषयमा आवश्यक निर्णय गर्नु पर्नेछ ।

८८ढ. <u>पारस्परिक सहयोगको आदान प्रदान गर्ने:</u> (१) विशेष प्रशासन समूहले बैङ्कको पूर्व स्वीकृति लिई कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको

फरफारखको प्रक्रिया अगाडि बढाउने सिलसिलामा विदेशी मुलुकको सम्बन्धित निकायसँग आवश्यकता अनुसार सहयोगका लागि अनुरोध गर्न सक्नेछ ।

(२) विशेष प्रशासन समूहले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारखको प्रक्रियाका सम्बन्धमा बैङ्कको पूर्व स्वीकृति लिई अर्को मुलुकमा भइरहेको कारबाहीलाई पारस्परिकताको आधारमा सहयोग गर्न वा अर्को मुलुकको अधिकार प्राप्त निकायले गरिरहेको काम कारबाहीलाई मान्यता प्रदान गर्ने गरी आवश्यक कारबाही अगाडि बढाउन सक्नेछ । यस्तो सहयोग गर्दा वा काम कारबाहीलाई मान्यता प्रदान गर्दा दाबीकर्ताहरुलाई समान व्यवहार गर्नु पर्नेछ ।

(३) गोपनीयता कायम गर्नुपर्ने तथा संवेदनशील तथ्याङ्कहरुको सुरक्षा गर्नुपर्ने अवस्थामा बाहेक विशेष प्रशासन समूहले फरफारखको प्रक्रियामा रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको लेना असूली, फरफारख योजना आदिका विषयमा बैङ्कको पूर्व स्वीकृति लिई विदेशी मुलुकको सम्बन्धित निकायसँग सूचना आदान प्रदान गर्न सक्नेछ ।

(४) नेपालमा स्थापित भई विदेशमा समेत शाखा वा कार्यालय रहेको वाणिज्य बैङ्क वा वित्तीय संस्था वा विदेशी मुलुकमा स्थापना भई नेपालमा शाखा वा कार्यालय रहेको कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाको फरफारखका सम्बन्धमा बैङ्क तथा निक्षेप बीमा सुरक्षण गर्ने संस्थाले समेत एक आपसमा समन्वय र सहयोग आदान प्रदान गर्न सक्नेछन् ।

(५) बैङ्क तथा निक्षेप बिमा सुरक्षण गर्ने संस्थाले विदेशी मुलुकका सम्बन्धित निकायले गरिरहेको फरफारख तथा सोको योजनाका सम्बन्धमा आपसी सम्झौता गरी फरफारखमा परेको वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सम्बन्धमा प्रभाव पार्ने कुनै घटना वा समस्याको बारेमा कुनै जानकारी वा सहयोग माग गरेकोमा त्यस्तो जानकारी वा सहयोग आदान प्रदान गर्न सक्नेछन् ।

कानून तथा न्याय आयोग

(६) यस दफा बमोजिम पारस्परिकताको आधारमा विदेशी मुलुकको केन्द्रीय बैङ्क, वाणिज्य बैङ्क वा वित्तीय संस्था वा निक्षेप बीमा सुरक्षण गर्ने संस्थासँग कुनै सहयोग लिनुपर्दा वा समन्वय गर्नुपर्दा सरकारी स्तरबाटै त्यस्तो सहयोग तथा समन्वय आवश्यक परेमा सो सम्बन्धमा आवश्यक व्यवस्था मिलाई दिन बैङ्कले नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

८८ण. खारेजीको लागि निवेदन दिन सक्नेः (१) बैङ्कले कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सम्बन्धमा शुरु गरेको फरफारखको प्रक्रिया समाप्त भएमा वा अन्य कुनै कारणले सो प्रक्रिया सम्पन्न नहुँदै सो सम्बन्धमा विशेष प्रशासन समूहले दिएको सुझाव वा अन्य आधारमा समेत त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था राम्रोसँग सञ्चालन हुन नसक्ने भन्ने कुरामा बैङ्क विश्वस्त भएमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई खारेज गर्नका लागि अदालत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बैङ्कले खारेजीको लागि निवेदन दिएकोमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थाको खारेजीको सम्बन्धमा दामासाही सम्बन्धी ऐन, २०६३ को दफा १० को उपदफा (३) र दफा १३ लागू हुने छैन ।

(३) उपदफा (१) बमोजिम बैङ्कले निवेदन दिएकोमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्था खारेजीको लागि अदालतले लिक्विडेटर नियुक्त गर्ने आदेश दिन सक्नेछ ।

## परिच्छेद – १०

## वासलात, लेखापरीक्षण तथा प्रतिवेदन

८९. आर्थिक वर्षः बैङ्कको आर्थिक वर्ष नेपाल सरकारको आर्थिक वर्ष सरह हुनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

✽९०. <u>लेखा प्रणालीः</u> (१) बैङ्कले नेपाल लेखामान अनुसारको लेखा प्रणाली अनुरुप कारोबार र वित्तीय अवस्था स्पष्ट देखिने गरी आफ्नो आय व्ययको विवरण दुरुस्त राख्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल लेखामानमा समावेश नभएका क्षेत्रहरुमा अन्तर्राष्ट्रिय लेखा मापदण्डलाई आधारको रुपमा लिनु पर्नेछ ।

९१. <u>वार्षिक प्रतिवेदनः</u> (१) बैङ्कले वासलात, ✽<u>आय व्यय</u> र सोसँग सम्बन्धित विवरण समेत खुलाई प्रत्येक आर्थिक वर्षको लागि वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन बैङ्कले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र नेपाल सरकारमा पेश गर्नेछ ।

९२. <u>लेखापरीक्षणः</u> (१) बैङ्कको लेखापरीक्षण महालेखापरीक्षकले गर्नेछ ।

(२) समितिले चाहेमा बैङ्कको आन्तरिक लेखापरीक्षण बाह्य लेखापरीक्षकबाट पनि गराउन सक्नेछ । त्यस्तो लेखापरीक्षण गराउँदा अन्तर्राष्ट्रिय प्रचलन अनुसारको लेखा प्रणाली अनुरुप गराइनेछ ।

९३. <u>नेपाल सरकारमा प्रतिवेदन पेश गर्नेः</u> (१) बैङ्कले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र देहायका प्रतिवेदनहरु नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछः–

(क) लेखापरीक्षण प्रतिवेदन ।

(ख) आफ्नो काम कारबाही बारेको प्रतिवेदन ।

(ग) आर्थिक तथा वित्तीय अवस्था बारेको प्रतिवेदन ।

(२) बैङ्कले प्रत्येक महिना समाप्त भएको पन्ध्र दिनभित्र आफ्नो मासिक वासलात तयार गरी प्रकाशन गर्नेछ ।

---

✽ दोस्रो संशोधनद्वारा संशोधित ।

९४. मौद्रिक नीति सम्बन्धी प्रतिवेदनः बैङ्कले प्रत्येक वर्ष मौद्रिक नीति सम्बन्धी प्रतिवेदन सार्वजनिक जानकारीको लागि प्रकाशन गर्नेछ । यसरी प्रकाशन गरिने प्रतिवेदनमा देहायका कुराहरु समावेश हुनु पर्नेछः–

(क) बैङ्कले अघिल्लो वर्ष अवलम्बन तथा लागू गरेको मौद्रिक नीतिको सिंहावलोकन र मूल्याङ्कन ।

(ख) बैङ्कले आगामी वर्ष अवलम्बन तथा लागू गर्ने मौद्रिक नीतिको औचित्य र सोको विवेचना ।

परिच्छेद – ११

कसूर, दण्ड सजाय र कारबाही

९५. यस ऐन बमोजिम कसूर गरेको मानिनेः (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन विपरीत हुने गरी निक्षेप लिएमा वा कर्जा दिएमा वा डिबेन्चर वा अन्य वित्तीय उपकरण जारी गरेमा वा बैङ्कले निर्धारण गरेको नीति विपरीत ब्याज लिनु वा दिनु गरेमा वा ☒.................. विदेशी विनिमय कारोबार गरेमा वा त्यस्ता कार्यमा संलग्न भएमा ❒वा प्रचलित कानून बमोजिम बैङ्कबाट इजाजतपत्र लिनु पर्नेमा सो नलिई त्यस्तो कारोबार गरेमा वा परिच्छेद–९क. बमोजिमको फरफारखको प्रक्रियामा बाधा पुऱ्याएमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन पालना नगरेमा समेत निजले यस ऐन बमोजिम कसूर गरेको मानिनेछ ।

✂९६. दण्ड सजायः (१) दफा ९५ को उपदफा (१) वा (२) बमोजिमको कसूर गर्ने व्यक्तिलाई उक्त कसूरसँग सम्बन्धित बिगो जफत गरी

---

☒ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा झिकिएको ।

❒ दोस्रो संशोधनद्वारा थप ।

✂ दोस्रो संशोधनद्वारा संशोधित ।



कानून तथा न्याय मन्त्रालय

बिगोको तीन गुणासम्म जरिबाना वा ◈सात वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) दफा ९५ को उपदफा (१) वा (२) बमोजिम सजाय गर्दा बिगो कायम गर्न नसकिने अवस्था भएमा कसूरको मात्रा हेरी बढीमा दश लाख रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(३) दफा ९५ बमोजिमको कसूर कुनै फर्म, कम्पनी वा संस्थाले गरेकोमा त्यस्तो सजाय सो फर्म, कम्पनी वा संस्थाको मुख्य पदाधिकारीलाई हुनेछ ।

(४) दफा ९५ बमोजिमको कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्ति, फर्म, कम्पनी वा संस्था वा त्यस्तो फर्म, कम्पनी वा संस्थाको पदाधिकारीलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

९७. नेपाल सरकार बादी हुने: दफा ९५ मा उल्लिखित कसूर सम्बन्धी मुद्दा नेपाल सरकार बादी भई दायर गरिनेछ र त्यस्तो मुद्दा ♦मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची–१ मा समावेश भएको मानिनेछ ।

९८. बैङ्कले जानकारी दिने: दफा ९५ मा उल्लिखित कसूर कसैले गरेको जानकारी कुनै माध्यमबाट बैङ्कलाई हुन आएमा बैङ्कले आवश्यक कारबाहीको लागि नेपाल सरकार वा सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

९९. बैङ्कको नियमन उल्लङ्घन गरेमा हुने जरिबाना: (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत बैङ्कले जारी गरेको आदेश वा निर्देशनको उल्लङ्घन बैङ्कबाट इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाले गरेमा त्यस्तो उल्लङ्घनसँग सम्बन्धित रकमको हदसम्मको जरिबाना बैङ्कले त्यस्ता वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई गर्न सक्नेछ ।

---

◈ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

♦ केही नेपाल कानूनलाई संशोधन समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा भई मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित ।

(२) उपदफा (१) बमोजिमको बैङ्कको नियमनको उल्लङ्घन वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक, पदाधिकारी वा कर्मचारीबाट भएकोमा त्यस्तो जरिबाना सम्बन्धित सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई हुनेछ ।

१००. बैङ्कको नियमन उल्लङ्घन गरेमा हुने सजायः (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत बैङ्कले जारी गरेको आदेश वा निर्देशनको उल्लङ्घन बैङ्कबाट इजाजतपत्र प्राप्त कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थाले गरेमा त्यस्तो वाणिज्य बैङ्क वा वित्तीय संस्थालाई बैङ्कले देहाय बमोजिमको एक वा एकभन्दा बढी सजाय गर्न सक्नेछः–

(क) सचेत गराउने वा लिखित चेतावनी दिने ।

(ख) सुधारात्मक कदम चाल्नका लागि सञ्चालक समितिलाई कबुलियतनामा गराउने ।

(ग) बारम्वार हुने उल्लङ्घन अन्त गर्न, त्यसबाट अलग रहन र सुधारात्मक कदम चाल्नका लागि लिखित आदेश जारी गर्ने ।

(घ) बैङ्कले दिने सेवा निलम्बन वा अन्त गर्ने ।

(ङ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले आफ्नो शेयर होल्डरलाई दिने लाभांशको वितरणमा प्रतिबन्ध लगाउने ।

(च) वाणिज्य बैङ्क वा वित्तीय संस्थाले स्वीकार गर्न सक्ने निक्षेप वा दिन सक्ने कर्जामा प्रतिबन्ध लगाउने ।

(छ) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको कारोबारमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउने ।

(ज) वाणिज्य बैङ्क वा वित्तीय संस्थाको इजाजतपत्र निलम्बन वा रद्द गर्ने ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत बैङ्कले जारी गरेको आदेश वा निर्देशन बैङ्कबाट इजाजतपत्र

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

प्राप्त वाणिज्य बैङ्क वा वित्तीय संस्थाका सञ्चालक वा पदाधिकारी वा कर्मचारीले उल्लङ्घन गरेमा वा निजहरुले निक्षेपकर्ता वा सर्वसाधारणको हित विपरीत काम गरेको वा निरीक्षण तथा सुपरिवेक्षणको सिलसिलामा बैङ्क वा निरीक्षण तथा सुपरिवेक्षण गर्ने अधिकारीले माग गरेको कागजात, विवरण वा तथ्याङ्क तोकिएको समयभित्र पेश नगरेमा त्यस्तो सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई बैङ्कले देहाय बमोजिमको सजाय गर्न सक्नेछः–

(क) सचेत गराउने वा नसिहत दिने ।

(ख) निलम्बनमा राख्ने ।

(ग) पाँच लाख रुपैयाँसम्म नगद जरिबाना गर्ने ।

(घ) तलब, भत्ता लगायतका सम्पूर्ण सुविधाहरु दिन बन्द गराउन सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समितिलाई आदेश दिने ।

(ङ) सञ्चालकलाई सञ्चालक पदबाट हटाउन वा पदाधिकारी वा कर्मचारीलाई सेवाबाट अवकाश दिन लगाउन सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाको सञ्चालक समितिलाई आदेश दिने ।

१००क. नियमन उल्लङ्घन गरेमा सजाय हुनेः पचास करोड रुपैयाँभन्दा बढी शेयर पुँजी भएको वा सो रकम बराबरको वार्षिक कारोबार गर्ने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले यस ऐन तथा प्रचलित कानून बमोजिम बैङ्कले जारी गरेको आदेश वा निर्देशनको उल्लङ्घन गरेमा त्यस्तो सहकारी संस्था वा त्यस्तो सहकारीको सञ्चालक, पदाधिकारी वा कर्मचारीलाई दफा ९९ बमोजिम जरिबाना गर्न वा दफा १०० बमोजिम सजाय गर्न सक्नेछ।

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८० द्वारा थप।

१०१. आर्थिक जरिबाना र सजायको कार्यविधिः (१) दफा ९९ तथा दफा १०० बमोजिम आर्थिक जरिबाना वा सजाय गर्दा बैङ्कले देहायको कार्यविधि अवलम्बन गर्नु पर्नेछः–

(क) प्रस्तावित सजाय गर्नु अघि बैङ्कले देहायका कुराहरु उल्लेख गरी आरोपित संस्था वा व्यक्तिलाई प्रस्तावित जरिबाना वा सजायको बारेमा आफ्नो सफाइ पेश गर्ने पन्ध्र दिनको म्याद दिई लिखित सूचना दिनु पर्नेछः–

(१) कसूरको प्रकृति,

(२) कसूरको प्रकृति अनुरुप लगाउन सकिने जरिबानाको रकम वा प्रस्तावित सजाय, र

(३) कसूरको संक्षिप्त व्यहोरा ।

(ख) खण्ड (क) बमोजिम आरोपित संस्था वा व्यक्तिले उक्त आरोपसँग सहमत वा असहमत भएको सम्बन्धमा पन्ध्र दिनभित्र लिखित प्रतिक्रिया पठाउनु पर्नेछ ।

(ग) आरोपित संस्था वा व्यक्तिले सो कसूर उपर असहमति व्यक्त गरेको व्यहोरा चित्त बुझ्दो भएमा बैङ्कले त्यस्तो आरोपलाई संशोधन, सीमित वा खारेज गर्न सक्नेछ ।

(घ) आरोपित संस्था वा व्यक्तिले सो कसूर उपर सहमति व्यक्त गरेमा वा चित्त बुझ्दो प्रतिक्रिया दिन नसकेमा बैङ्कले त्यस्तो जरिबाना वा सजाय गर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम लगाइएको जरिबाना सम्बन्धित वाणिज्य बैङ्क वा वित्तीय संस्थाले बैङ्कमा राखेको खाताबाट कट्टा गरी लिने गरी बैङ्कले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम बैङ्कलाई प्राप्त हुने नगद जरिबाना साधारण जगेडा कोषमा जम्मा गरिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १०० को उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) तथा उपदफा (२) को खण्ड (क) र (ख) अन्तर्गतको सजाय गर्दा कुनै पनि किसिमको कार्यविधि अपनाउनुपर्ने छैन ।

१०२. पुनरावेदन लाग्ने: दफा ९९ तथा दफा १०० अन्तर्गत बैङ्कले गरेको सजाय उपर चित्त नबुझ्ने वाणिज्य बैङ्क वा वित्तीय संस्था वा सोका सञ्चालक वा पदाधिकारी वा कर्मचारीले सजाय पाएको मितिले पैंतीस दिनभित्र ✂उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

परिच्छेद–१२

विविध

१०३. ☒..............

१०४. तथ्याङ्क सङ्कलन: (१) बैङ्कले आफ्नो उद्देश्य प्राप्त गर्न तथा आफ्नो कार्य सम्पादन गर्न आफै वा नेपाल सरकार वा अन्य निकायबाट आफूलाई आवश्यकपर्ने तथ्याङ्क सङ्कलन गर्न सक्नेछ । यस प्रयोजनका लागि बैङ्कले 2............ ▣नेपालभित्र वा बाहिरका आधिकारिक व्यक्ति, सङ्घ, संस्था र अन्तर्राष्ट्रिय सङ्घ, संस्थासँग पनि सहयोग लिन सक्नेछ ।

(२) बैङ्कले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित तथ्याङ्क सङ्कलन, सङ्ग्रह तथा वितरण व्यवस्थालाई समन्वय र परिमार्जन गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

१०५. ट्रष्ट खाता: बैङ्कले विशेष प्रयोजनको लागि ट्रष्ट खाताको रुपमा छुट्टै खाता खोल्न र सञ्चालन गर्न सक्नेछ । त्यस्तो खातामा जम्मा रहेको रकम अन्य कुनै प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन । त्यस्तो खातामा रहेको सम्पत्ति त्यस्ता खाताको दायित्व पूरा गर्न मात्र प्रयोग गरिनेछ र

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

☒ भुक्तानी तथा फस्यौंट ऐन, २०७५ द्वारा खारेज ।

2 गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

▣ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

त्यस्तो दायित्व पूरा गर्न बैङ्कले अन्य खातामा रहेको रकम वा सम्पत्ति प्रयोग गर्न पाउने छैन ।

१०६. काम कारबाही बदर नहुने: गभर्नर, डेपुटी गभर्नर वा सञ्चालकको नियुक्ति वा समितिको गठनमा कुनै रीत नपुगेको वा गर्भनर, डेपुटी गभर्नर वा सञ्चालकको पद रिक्त रहेको कारणले मात्र बैङ्क वा समितिको कुनै काम कारबाही बदर हुने छैन ।

❒१०६क. वाणिज्य बैङ्क वा वित्तीय संस्थामा काम गर्न नहुने: (१) गभर्नर भइसकेको व्यक्तिले कुनै वाणिज्य बैङ्क वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्न हुँदैन ।

(२) डेपुटी गभर्नर र बैङ्कका कार्यकारी निर्देशक आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले तीन वर्षसम्म र बैङ्कको अधिकृत स्तरको कर्मचारी आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले दुई वर्षसम्म कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्न हुँदैन ।

तर यस उपदफामा तोकिएको समयावधि पुरा भएपछि कुनै पनि वाणिज्य बैङ्क वा वित्तीय संस्थामा कुनै पनि हैसियतमा रही काम गर्नको लागि सम्बन्धित डेपुटी गभर्नर, कार्यकारी निर्देशक वा अधिकृतले बैङ्कको पूर्व स्विकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारबाट नियुक्ति हुने पदमा यो व्यवस्था लागू हुने छैन ।

❒ १०६ख. विशेषज्ञको सेवा उपलब्ध गराउनु पर्ने: नेपाल सरकारले अनुरोध गरेमा बैङ्कले आफूसँग भएको विशेषज्ञको सेवा उपलव्ध गराउनु पर्नेछ ।

❒१०६ग. नेपाल सरकारले निर्देशन दिन सक्ने: (१) मुद्रा, बैंकिङ्ग र वित्त सम्बन्धमा नेपाल सरकारले बैङ्कलाई निर्देशन दिन सक्नेछ ।

---

❒ दोस्रो संशोधनद्वारा थप ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु बैङ्कको कर्तव्य हुनेछ ।

१०७. असल नियतले गरेको काममा जवाफदेही हुन नपर्ने: (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन बमोजिम असल नियतले गरेको कुनै काम कारबाहीको सम्बन्धमा गभर्नर, डेपुटी गभर्नर, सञ्चालक वा ✂बैङ्कका कर्मचारी वा विशेष प्रशासन समूह व्यक्तिगत वा सामुहिक रुपले जवाफदेही हुने छैनन् ।

तर जानाजान वा गलत मनसायबाट गरिएको कुनै कामको सन्दर्भमा भने निजहरु व्यक्तिगत रुपमा जिम्मेवार हुनेछन् ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम वा सो अन्तर्गत जारी गरिएको आदेश वा निर्देशनको पालना गर्नको निमित्त असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराले हुन आएको वा हुने हानि नोक्सानीको सम्बन्धमा गभर्नर, डेपुटी गभर्नर, सञ्चालक वा बैङ्कका कुनै अधिकृत वा कर्मचारी विरुद्ध कुनै किसिमको मुद्दा परेमा त्यस्तो मुद्दाको खर्च बैङ्कले व्यहोर्नेछ ।

तर जानाजान वा गलत मनसायबाट गरिएको कुनै कामको सन्दर्भमा परेको मुद्दाको खर्च बैङ्कले व्यहोर्ने छैन ।

*१०८. शपथग्रहण गर्ने: (१) आफ्नो ओहदाको काम शुरु गर्नुभन्दा अगाडि गभर्नर तथा सञ्चालकले सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा निजले तोकेको न्यायाधीश समक्ष र डेपुटी गभर्नरले गभर्नर समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) बैङ्कमा पहिलो पटक नियुक्त कर्मचारी वा सल्लाहकारले आफ्नो ओहदाको काम शुरु गर्नुभन्दा अगाडि तोकिए बमोजिम पद तथा गोपनीयताको शपथ ग्रहण गर्नु पर्नेछ ।

---

✂ दोस्रो संशोधनद्वारा संशोधित ।

* पहिलो संशोधनद्वारा संशोधित ।



कानून तथा न्याय मन्त्रालय

१०९. <u>यसै ऐन बमोजिम हुने</u>: प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम हुनेछ ।

११०. <u>नियम तथा विनियम बनाउने अधिकार</u>: (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बैङ्कले नेपाल सरकारको स्वीकृति लिई देहायका विषयमा आवश्यक नियम बनाउन सक्नेछः–

(क) विदेशी विनिमय कारोबार ।

(ख) जलेको, च्यातिएको, झुत्रिएको, मेटिएको वा आकृति बिग्रिएको बैङ्क नोट तथा सिक्काको सट्टाभर्ना ।

(ग) नेपाल सरकार र बैङ्क बीच हुने व्यापारिक कारोबार ।

🕮(घ) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक ठानेका अन्य विषयहरु ।

(२) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले देहायका विषयमा विनियम बनाउन सक्नेछः–

(क) समितिको बैठक हुने स्थान, समय र तत्सम्बन्धी कार्यविधि ।

(ख) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्ने र त्यस्तो उपसमितिको कार्यविधि ।

(ग) बैङ्कका कर्मचारीहरुको नियुक्ती, बढुवा, सरुवा, बर्खास्ती, पारिश्रमिक तथा सुविधा, निवृत्तभरण, उपदान, सञ्चय कोष, बिदा, आचरण तथा अनुशासन र सेवा सम्बन्धी शर्त ।

(घ) समितिले गभर्नरलाई र गभर्नरले डेपुटी गभर्नरलाई वा बैङ्कका अन्य कर्मचारीलाई अख्तियारी सुम्पने ।

(ङ) बैङ्कको तर्फबाट गरिने पट्टा, कबुलियत सम्बन्धी शर्त ।

---

🕮 पहिलो संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(च) बैङ्कको छाप चलाउने ।

(छ) बैङ्कले राख्नुपर्ने हरहिसाब, खाता, बही वा अन्य स्रेस्ता, कागजात र त्यसको ढाँचा ।

(ज) बैङ्कको आन्तरिक लेखापरीक्षण तथा निरीक्षण ।

(झ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाको सुपरिवेक्षण ।

(ञ) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाले पेश गर्नुपर्ने विवरण ।

(ट) बैङ्कको नगद मौज्दात वा नगदको जिम्मेवारी ।

(ठ) बैङ्क तर्फबाट गर्नुपर्ने मुद्दा मामिला वा अन्य कारबाहीको परिचालन ।

(ड) कर्जा नियन्त्रण ।

(ढ) बैङ्कको खर्च व्यवस्था ।

❐(ढ१) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने सम्बन्धमा ।

❐(ढ२) वाणिज्य बैङ्क तथा वित्तीय संस्थाहरुको शीघ्र सुधारात्मक कारबाही सम्बन्धमा ।

❐(ढ३) कर्जा सूचना सम्बन्धमा ।

❐(ढ४) भुक्तानी तथा हिसाब मिलान सम्बन्धमा ।

❐(ढ५) फरफारख गर्ने सम्बन्धमा ।

❐(ढ६) बैङ्कले जारी गर्ने इजाजतपत्रका सम्बन्धमा ।

🕮(ण) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकपर्ने अन्य विषयहरु

---

❐ दोस्रो संशोधनद्वारा थप ।

🕮 पहिलो संशोधनद्वारा थप ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (१) र (२) मा उल्लिखित विषय बाहेक यस ऐन बमोजिम जारी गर्नुपर्ने आदेश, निर्देशन, कार्यविधि तथा मार्गदर्शन गभर्नरले जारी गर्नेछ ।

(४) उपदफा (२) अन्तर्गत बनेको विनियम र उपदफा (३) अन्तर्गत जारी गरिएको आदेश तथा निर्देशन बैङ्कले नेपाल सरकारको जानकारीको निमित्त पठाउनेछ ।

(५) उपदफा (२) अन्तर्गत बनेको विनियम वा उपदफा (३) अन्तर्गत जारी गरिएको आदेश वा निर्देशन बैङ्कले सार्वजनिक रुपमा प्रकाशन र प्रशारण गर्ने वा गराउनेछ ।

१११. निर्देशिका बनाई लागू गर्ने: बैङ्कले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियमको अधीनमा रही समय समयमा आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

११२. खारेजी र बचाउ: (१) देहायका ऐनहरु खारेज गरिएका छन्:–

(क) नेपाल राष्ट्र बैङ्क ऐन, २०१२,

(ख) मुद्रा ऐन, २०४० ।

(२) उपदफा (१) अन्तर्गत खारेज गरिएका ऐनहरु बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

---

द्रष्टव्यः-१. नेपाल राष्ट्र बैंक (पहिलो संशोधन) ऐन, २०६३ को दफा ७ यस प्रकार रहेको छः-

७. नेपाल राष्ट्र बैङ्क (पहिलो संशोधन) अध्यादेश निष्क्रिय भएपछि त्यसको परिणाम: नेपाल राष्ट्र बैङ्क (पहिलो संशोधन) अध्यादेश, २०६२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,

(क) सो अध्यादेश निष्क्रिय हुँदाका वखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याइ अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

---

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारवाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरुः-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

३. केही नेपाल कानूनलाई संशोधन समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा रुपान्तर गरिएका शब्दहरु "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची–१" को सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची–१" ।

**✱**अनुसूची

(दफा १०८ को उपदफा (१) सँग सम्बन्धित)

<u>शपथग्रहण फाराम</u>

म.............................. नेपाल राष्ट्र बैङ्कको ........................... को पदमा नियुक्त भएकोले सो ............................ पदको कर्तव्य इमान्दारीसाथ पालना गर्नेछु र बैङ्कको हितलाई सदैव ध्यानमा राख्नेछु । बैङ्कको कारोबार तथा गोप्य राख्नुपर्ने कुराहरु कहीं कतै प्रकाश पार्ने छैन । ............................ को हैसियतले सञ्चालक समितिले अधिकार दिएको र कानूनले बाध्य गरेको अवस्थामा बाहेक मेरो जानकारीमा आएका जानकारी तथा सूचना पदमा बहाल रहेको वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै पनि प्रकारले कसैलाई जानकारी दिने छैन भनी ईमान धर्म सम्झी सत्य निष्ठापूर्वक शपथ ग्रहण गर्दछु ।

| शपथ ग्रहण गर्ने पदाधिकारीको | शपथ ग्रहण गराउने पदाधिकारीको |
| --- | --- |
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| मितिः | मितिः |
| | छापः |

✱ पहिलो संशोधनद्वारा संशोधित ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय